बाइबलका
शिक्षाहरुको
श्रेणी



बाइबल
का
मुख्यसन्
देस
हरुको
बारेमा
स्व.अध्ययन

# परमेश्वरको महान बिनिमय

# परमेश्वरको महान बिनिमय

बाइबलका मुख्य सन्देसहरुको बारेमा स्व. अध्ययन पाठ्यक्रम

**बिषेशताहरु**

- व्यवस्था र सु समाचारका आधारभुत पाठहरु
- डेविड भ्यालेस्की द्धारा लिखित प्रख्यात प्रचारिय प्रस्तुतीकरणमा आधारित
- स्व. अध्ययन प्रणाली
- सरलीकृत भाषा
- लक्ष्यहरु र पुनरावलोकन प्रश्नहरु प्रष्टरुपमा दर्शाइएको ।

Multi-Language Productions
Bringing the Word to the World

प्रथम मुलपाठ पादरीहरुको संस्थागत समुदायको आज्ञाले बिषेश विस्कान्सिन इभान्जेलिकल लुथरन सिनेड द्धारा प्रकासित गरिएको थियो ।
कपिराईट ©१९९३
विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन द्धारा मुलपाठ अनुकरण
२००२ मा प्रकासित
रंगिन तथा सादा दृश्यहरु ग्लेन मायरसको कार्यहो । ग्लेन मायरसको दृष्टान्तहरुको अधिकार नर्थवेर्स्टन पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।
धर्मग्रन्थ, पवित्र बाइबल न्यू इन्टरनेसलन रिडर्स भर्सन बाट लिइएको हो ।
कपिराईट©१९९६,१९९८ इन्टरनेसनल बाइबल सोसायटीको अनुमतिले इन्टरनेसनल बाइबल सोसायटीले प्रयोग गरेको हो ।
पुस्तक: ३

# ca बिषय सूचि



| | |
|---|---|
| प्रारम्भमा | १ |
| अध्याय १: परमेश्वर के माग गर्नुहुन्छ | ३ |
| अध्याय २: परमेश्वर के देख्नुहुन्छ | १७ |
| अध्याय ३: मानव निर्मित औषधिहरु | ३३ |
| अध्याय ४: परमेश्वरको औषधि | ४३ |
| अध्याय ५: परमेश्वरद्वारा प्रतिज्ञा गरिएको उपहार | ५९ |
| अध्याय ६: विश्वासद्वारा ख्रीष्टमा अनुसरणगर्नु परमेश्वरको आशिष | ७३ |
| शब्दकोष | ८७ |
| अध्यायजाँचकाउत्तरहरु | ९१ |
| अन्तिम जाँच | ९३ |

# ◌ प्रारम्भमा


यस पुस्तकले तपाईँलाई परमेश्वरसँगको तपाईंको सम्बन्धको बारेमा केहि उत्साहपूर्ण कुराहरु सिक्न मदत गर्नेछ । प्रत्येक अध्याय एउटा सानो ताराले संकेत गरिएको उद्देश्यहरुको सूचीबाट शुरुहुन्छ । ती उद्देश्यहरुले यस अध्यायमा तपाइँ के सिक्दै हुनुहुन्छ भन्ने बारेमा बताउनेछ । केही प्रश्न र उत्तरहरुका केही हरफहरु तपाइँ पढ्नुहुनेछ । अध्यायको अन्तमा जाँच छ । तपाइँले पढेको अध्याय र प्रश्नहरु पुरा गरेको मध्यबाट प्रश्नको जाँच दिईएको छ ।

जब तपाइँ सबै प्रश्नहरुको समूहको उत्तर पुरा गर्नुहुन्छ, तपाइँलाई पेज नं. दिईएको हुनेछ । यदि तपाइँले त्यो पेज हेर्नुभयो भने पेजको मुनी उत्तरहरु पाउनुहुनेछ । तपाइँको उत्तरहरु विचार गरेर जाँच्नुहोस । तपाइँले बनाएको प्रश्न उत्तर कुनै गलत छ भने सच्याउनुहोस । अगाडी पढ्नु भन्दा पहिले सबै प्रश्नहरु बुझ्न तपाइँ निश्चित हुनुहोस ।

यस पूस्तको अन्तमा एउटा सानो जाँच छ । त्यो पूरागर्नु भन्दा पहिले सबै अध्यायका जाँचहरुको पूनराबलोकन गर्नुहोस । जब तपाइँ अन्तिम जाँच पूरा गर्नुहुन्छ, तपाइँले पुरा गर्नुभएको जाँचको पेज तपाइँलाई पूस्तक दिने व्यक्तिलाई दिनुहोस अथवा यस पूस्तकको पछाडी भएको ठेगानामा पठाउनुहोस । उहाँले सबै पापीहरुका लागी बनाउनुभएको महान विनिमयको बारेमा बढी भन्दा बढी सिक्न परमेश्वरले तपाइँलाई सहायता गरुन ।



येशूले बिश्वासीहरुलाई बिश्वासनगर्नेहरु बाट अलग गर्नुभयो ।



अध्याय एक

# परमेश्वर के माग गर्नुहुन्छ

तपाइँ जीवनमा तपाइँले महत्वपुर्ण प्रश्नहरुको जवाफ दिनु भएको छ । हामी यस पूस्तकमा बढी सबै महत्वपुर्ण प्रश्नहरुको बारेमा छलफल गर्नेछौं । ती प्रश्नहरुको परमेश्वर उत्तर दिनुहुन्छ भन्नेकुरा तपाइँ सिक्नुहुनेछ । ती प्रश्नहरुको परिणाम संसारमा आउने जीवन सँग हुन्छ ।

हाम्रो अध्ययनको केन्द्र तिन महत्वपूर्ण प्रश्नका बीचमा हुनेछ ।

प्रश्न १: यदि तपाइँ आज राती मर्नुभयो भने, तपाइँ स्वर्ग जानुहुन्छ अथवा नर्क जानुहुन्छ ?

प्रश्न २: के तपाइँ निश्चित हुनुहुन्छ कि तपाइँ मरेर कहाँ जानुहुनेछ ?

प्रश्न ३: मानिलिनुस तपाई मर्नुभयो र तपाइँले आफुलाई स्वर्गको ढोका भन्दा अगाडी पाउनुभयो, परमेश्वर त्यस ढोकामा उभिनु भएको छ र उहाँले तपाइँलाई सोध्नुहुन्छ, “म किन तिमीलाई मेरो स्वर्ग भित्र पस्न दिउँ ? तपाइँ उहाँलाई के भन्नुहुन्छ ?

यस अनच्छेदमा, जीवन र मृत्युको बारेमा परमेश्वर के भन्नुहुन्छ हामी सो हेर्नेछौं ।यस अध्यायको समाप्ती पछि सक्षम हुनुहुनेछ:

- अधिकांस मानिसहरुले दिने तिनवटा महत्वपूर्ण प्रश्नहरुको उत्तर जान्न ।

- परमेश्वरको व्यवस्थाले तपाइँसँग के माग गर्दछ ।

फेरी तिनवटा प्रश्नहरु लिएर हेरौं, अब यस समय तपाइँको उत्तर लेख्नुहोस् ।

प्रश्न १: यदि तपाइँ आज राती मर्नुभयो भने तपाइँ स्वर्ग जानुहुन्छ वा नर्क जानुहुन्छ ? तपाइँको उत्तर तल लेख्नुहोस ।

..............................................................

प्रश्न २: जब तपाइँ मर्नुहुनेछ र मरेपछि कहाँ जानुहुनेछ भन्ने कुरामा के तपाइँ निश्चित हुनुहुन्छ?

..............................................................

प्रश्न ३: मानौं तपाइँ मर्नुभयो, र तपाइँले आफुलाई स्वर्गको ढोका भन्दा अगाडी पाउनुभयो, परमेश्वर त्यस ढोकामा उभिनुभएको छ, उहाँलाई सोध्नुहुन्छ, “म किन तिमीलाई मेरो स्वर्ग भित्र पस्न दिउँ ? तपाइँ उहाँलाई के भन्नुहुनेथियो ?

..............................................................

..............................................................

..............................................................

आउनोस, तिन वटा प्रश्नहरुलाई नियालेर हेरौ ।

---

प्रश्न १: यदि तपाइँ आजराती मर्नुभयो भने स्वर्ग जानुहुन्छ वा नर्क जानुहुन्छ ?

धेरै मानिसहरुलाई वास्तवमै तिनीहरु कहाँ जाने हुन भन्ने निश्चित थाह छैन । धेरैजसो मानिसहरु, तिनीहरु स्वर्ग जानेछन् भन्ने आशा गर्दछन् । अधिकांस सबै मानिसहरुलाई नर्क जानेछैनन् भन्ने आशा गर्दछन् । कसैले मृत्यु पछि केही हुनेछैन भन्ने सोच्दछन् ।

१) धेरैजसो मानिसहरु ................. जाने आशा गर्नेछन् ।

आउनुहोस यसलाई अर्को प्रकारले हेरौं । **प्रश्न दुई** याद गर्नुहोस : के तपाइँ निश्चित हुनुहुन्छ कि जब तपाइँ मर्नुभयो भने कहाँ जानुहुनेछ ?
यस्तै हामीले अगाडी नै भनि सक्यौं, अधिकांश मानिसहरु निश्चित हुँदैनन् । तिनीहरुले स्वर्ग जाने आशा गर्नेछन् अथवा तिनीहरु नर्क जाने विचार गर्छन गर्नेछन् । धेरैले भन्छन् “कोही पनि निश्चित हुन सक्दैनन् ।”

प्रश्न २: अधिकांश, प्रत्येकले स्वीकार्दछन् की त्यो मानिस .......... हुन सक्दैन, मृत्यु पश्चात उ कहाँ जानेछ ।

(तपाइँको उत्तर पेज नं. १० को तल जाँच्नुहोस)

**प्रश्न ३** को बारेमा के हो ? : मानौं तपाइँ मर्नुभयो र तपाइँले आफुलाई स्वर्गको ढोका अगाडी पाउनुभयो, परमेश्वर त्यहाँ उभिनु भएको छ र उहाँ तपाइँलाई सोध्नुहुन्छ, “किन म तिमीलाई मेरो स्वर्ग भित्र पस्न दिउँ ?” तपाइँ उहाँलाई के भन्नुहुन्छ ? धेरै मानिसहरले ती उत्तर मध्ये एउटा उत्तर दिन्छन् ।

- “मलाई थाह छ कि म सिद्ध छैन तर म त्यति खराब पनि छैन ।”

- “म हिटलर होईन ।”

- “निश्चिय नै म गल्लीमा बस्ने ………… भन्दा राम्रो छु ।”

केही मानिसले भन्न सक्छन्

- “ठट्टा नगर्नुहोस् तिमीले सधैं मलाई भित्र जानदिने त्यहाँ कुनै बाटो छैन ।”

- “मेरो मौका थियो र मैले मेरो स्वर्ग जाने मौका गुमाए ।”

तपाइँले अगाडी नै स्वर्ग जाने मौका गुमाउनुभएको छ । यस बाइबल अध्ययनसँग तपाइँको लागी असल समाचार छ । यसैगरी तपाइँ अर्को अध्याय पढ्नुहुन्छ भने त्यसमा अझै आशास्थान भेट्टाउनु हुनेछ ।

तैपनि हामी पहिले अरु उत्तरहरु हेर्न चाहान्छौं, ति मानिसद्वारा दिईएका उत्तरहरु जुन स्वर्ग जान पाउने विचार गर्दछन् । मानिसहरु जसले माथि भने जस्तै तिनीहरु के गर्दछन् र के गर्दैनन् भन्ने कारणले येशूले तिनीहरुलाई स्वर्गमा जान दिनु हुनेछ । कसैले के गर्ने भन्ने आधारमा स्वर्गमा हुन चाहान्छन् । म बढी भन्दा बढी समय देखि सुन्दर छु । अरुहरुले स्वर्गमा हुने आशा गर्छन किनकी जे तिनीहरुले गर्दैनन् "साँच्चिकै म खराब छैन ।" हामी के गर्ने र के नगर्ने भन्ने कारणले स्वर्गमा हुन चाहन्छौं । परमेश्वरले हामीलाई यो गर्ने र नगर्ने भन्ने कुरालाई हामीले पत्ता लगाउनै पर्छ ।

बाइबलको मुख्य सन्देशको एउटा परमेश्वरको व्यवस्था हो । परमेशवरको व्यवस्थाको सन्देशमा हामीलाई परमेश्वरले निश्चित चिज वस्तुको माग गर्नुहुन्छ । हामीले स्वर्ग पाउनको लागी के गर्नुपर्छ र के गर्नुपर्दैन भन्नेकुरा व्यवस्थाले हामीलाई बताउँछ । परमेश्वरको व्यवस्थाले हामीलाई यसो पनि भन्दछ, परमेश्वरले जे माग गर्नुहुन्छ, हामी जे आर्जन गर्छौं, पूर्णरुपमा गर्दैनौं ।

पेज नं. ९ को उत्तर: १. स्वर्ग २. निश्चिय

३: अधिकांश मानिसहरुले आशा गर्छन तिनीहरुले के ............... र के ..................भन्ने कारणले स्वर्गमा हुने आशा राख्दछन् ।

४: परमेश्वरको .......... को सन्देश्ले हामीलाई परमेश्वर हाम्रो लागी के माग गर्नुहुन्छ भन्ने कुरा बताउँछ ।

५: परमेश्वरले व्यवस्थाको सन्देशले हामीलाई बताउँदछ, परमेश्वरले जे............. गर्नुहुन्छ, हामी जे आर्जन गर्दछौ, सिद्वरुपमा गर्दैनौं ।

(तपाइँको उत्तर पेज नं. १२ को तल जाँच्नुहोस् )

व्यवस्थाले हामीलाई सधैं चिज वस्तुको माग गर्दछ । एउटा व्यवस्थाले हामीलाई गाडी तिब्र गतीमा चलाउनु हुँदैन भन्ने कुराको माग गर्दछ । हामीले अरुको चिज वस्तु लिनु अथवा चोरी गर्नुहुदैन भन्नेकुरा अर्को व्यवस्थाले माग गर्दछ । अरु व्यवस्थाले हामीलाई हामीले अरु मानिसहरुलाई चोटपुरयाउनु हुदैन अथवा हत्या गर्नुहुदैन भन्नेकुरा बताउँछ । तर तपाइँलाई थाह छ, परमेश्वरको व्यवस्थाले के माग गर्दछ ? परमेश्वरले जे माग गर्नुहुन्छ बाइबलले हामीलाई बताउँदछ, जुन कुरा यसमा भनिएको छ यहि हो, “यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्व हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्व हुनुपर्दछ ।” (मत्ती ५:४८)

एउटा सिद्ध व्यक्ति हुन कुनै गल्ति बिनाको जीवन जीउनु पर्दछ । यसको मतलब जीवन जीउन, बोल्न सोच्न सबै समय ठिक हुनुपर्दछ । यदि तपाईंले कुनै गल्ति नगरेर जीवन जिउनु भएको छ भने, तपाइँ सिद्ध हुनुहुन्छ । यी परमेश्वर पिताका मागहरु हुन् । यो उहाँको व्यवस्था हो । मानिसले आफ्नो जीवन सिद्ध, कुनै पनि गलत नगरेर जिउनु पर्दछ ।

परमेश्वरले बाइबलमा भन्नुहुन्छ, "तिमीहरु पवित्र हाओ, किनभने म परमप्रभु तिमीहरुका परमेश्वर पवित्र छु ।" (लेवी १९:२)

पवित्र हुनुको अर्थ परमेश्वरको दृष्टिमा सिद्ध हुनु हो एउटा पवित्र व्यक्ति त्यो हो जसले हहिल्यै पनि पाप गर्दैन । यदि तपाइँले कहिल्यै पाप गर्नुभएको छ भने अथवा त्यो कुनै चिज तपाइँले गरेको परमेश्वर चाहानु हुँदैन । तपाइँ लामो समय सम्म पवित्र हुँदैनौं । जे हामी भुल गर्दछौं, पाप गर्दछौं परमेश्वर बोलाउनु हुन्छ । परमेश्वरको व्यवस्थाले हामीलाई पाप नगर भन्दछ । अर्को अध्यायमा हामी पापको बारेमा बढी छलफल गर्नेछौं । परमेश्वरको व्यवस्थाले हामीलाई पवित्र रहनु पर्छ भन्दछ । उहाँ पवित्रताको माग गर्नुहुन्छ ।

पेज नं. ९ को उत्तर: ३. गर्ने, नगर्ने ४. व्यवस्था ५.माग

६: परमेश्वरको ........ ले हामीहरुको लागी निश्चित चिजवस्तुको माग गर्नुहुन्छ ।

७: परमेश्वरको व्यवस्थाले मैले सिद्ध र .......... हुनुपर्दछ भन्दछ ।

८: सिद्ध जीवनको मतलब .......... अथवा ............ बिना जीवन जीउनु हो ।

९: पवित्र जीवन जीउनको मतलब .......... दृष्टिमा सिद्ध जीवन जीउनु हो ।

१०: परमेश्वरको व्यवस्थाले ............. गर्दछ कि हामीले पवित्र हुनुपर्दछ ।

तपाइँको उत्तर पेज नं. १३ को तल जाँच्नुहोस् )

हो, परमेश्वरको व्यवस्थाले प्रत्येक व्यक्तिबाट पवित्र र सिद्ध जीवन माग गर्दछ । यदि तपाइँले सिद्ध र पवित्र जीवन जीउनु भएको छ भने तपाइँ सदा स्वर्गीय जीवन पाउनु हुन्छ ।

तपाइँ यसलाई यसप्रकारले पनि हेर्न सक्नुहुन्छ, परमेश्वर हामीलाई केही असल हुन आशा गर्नुहुन्न । परमेश्वर हामीलाई सकेजति असल होउ भनेर सोध्नुहुन्न । "तिमी सके जति श्रम गर्ने कोशिस गर" वा "सकेजति असल होउ" भन्नेकुरा उहाँ भन्नुहुन्न । परमेश्वर सिद्धताको माग गर्नुहुन्छ । उहाँ

पूर्ण पवित्रताको माग गर्नुहुन्छ । उहाँ हामीलाई पाप रहित भएको चाहानुहुन्छ ।

परमेश्वरको मागलाई गणितिय समस्याको जस्तै चित्रण गर्न सकिन्छ ।
।
परमेश्वर के चाहानुहुन्छ त्यसको स्वरुप गणितिय तालिका जस्तै छ । ध्यानपूर्वक अध्ययन गर्नुहोस ।

१००% पवित्रता
+०% पाप =
१००% अनन्त जीवन

त्यसकारण एउटा व्यक्तिले पाप नगरेर सिद्ध जीवन जीउँछ भने, उहाँको व्यवस्थाले त्यस व्यक्तिलाई सदा सर्वदा स्वर्गमा जीवन दिन परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ ।

११) तल दिएको कथनको अगाडी X राख्नुहोस, परमेश्वर हामीलाई के माग गर्न चाहानुहुन्छ ।

अ) ......... परमेश्वर हामीलाई असल हुन माग गर्नुहुन्छ ।
आ) ......... परमेश्वर हामीले सकेजति उत्तम गर्न माग गर्नुहुन्छ
इ) ........... परमेश्वर हामीले पुरै सिद्ध र पवित्र हुन माग गर्नुहुन्छ ।

१२) खाली ठाउँ भर्नुहोस, र परमेश्वरले हामीलाई के माग गर्नुहुन्छ, उहाँका प्रतिज्ञाहरु दोहऱ्याउनुहोस् ।

१००% ...........

+०% ......... =

१००%............

( तपाईंको उत्तर पेज नं. १४ को तल जाँच्नुहोस् )

पेज नं. ११ को उत्तरहरु: ६. व्यवस्था ७. पवित्र ८. पाप, गल्ति गर्नु ९. परमेश्वर १०. माग

# अध्याय एकको समालोचना

अधिकांश मानिसहरु तिनीहरु मृत्युपश्चात कहाँ जानेछन् निश्चित छैनन् । बाइबलमा परमेश्वरको व्यवस्थाले परमेश्वर हामीलाई के माग गर्नुहुन्छ भन्दछ । उहाँ त्यस्तो माग गर्नुहुन्छ कि हामीले पाप रहित पुरै सिद्ध र पवित्र जीवन जीउनु पर्दछ । असल हुनलाई कोशिस गर्नु त्यति राम्रो हाईन । यदि हामी सिद्ध जीवन जीउँछौं भने मृत्यु पश्चात परमेश्वर हामीलाई स्वर्गमा अनन्त जीवन दिने प्रतिज्ञा गर्नुहुन्छ ।

**महत्वपुर्ण संक्षिप्त विवरण:** तपाइँले जे सिक्नुभएको छ, तपाइँले अर्को अध्यायमा नजाने निर्णय गर्नुभएको छ । तपाइँ विचार गर्नसक्नु हुन्छ, "किन जान नसक्ने ? म जान्दछु कि म सिद्ध छैन ।" तर अगाडी धेरै राम्रो समाचार छ । समाचार कसरी अझै स्वर्ग पाउन सकिन्छ भन्ने बारेमा छ । त्यसकारण अहिल्यै नत्याग्नुहोस् । सम्पूर्ण पूस्तक अध्ययन गर्नुहोस् ।

पेज नं. १३ को उत्तर: ११. X लेख्नुहोस् १२. १००% पवित्रता, ०% पाप, १००% अनन्त जीवन

# अध्याय एकको जाँच

१) परमेशवरले प्रत्येकबाट ......... जीवनको माग गर्नुहुन्छ ।

२) परमेश्वरको .......... सन्देशले यो माग बताउँदछ ।

३) यदि एउटा व्यक्तिले .......... जीवन जीउँछ भने त्यो व्यक्तिले अनन्त जीवन प्राप्त गर्न सक्छ ।

४) गल्ति गराईले परमेश्वरलाई क्रोधित बनाउँदछ र उहाँ यसलाई ........... भन्नुहुन्छ ।

५) खाली ठाउँमा भर्नुहोस, परमेश्वर हाम्रो लागी के माग गर्नुहुन्छ र यस परिणामले उहाँ हाम्रो लागी के आाशा गर्नुहुन्छ ।

...........% पवित्रता
+........% पाप =
........% .........

( तपाइँको उत्तर पेज नं. ६६ मा जाँच्नुहोस् )



जलप्रलयको बेलामा परमेश्वरले सुरक्षित राखेकोमा नोहाले परमेश्वरलाई धन्यबाद चढाए ।

अध्याय दुई

# परमेश्वर के देख्नुहुन्छ

परमेश्वरको व्यवस्थाले हामीलाई सिद्ध र पवित्र हुन माग गर्दछ । तर परमेश्वर हामीलाई हेर्नुहुन्छ, उहाँ के देख्नुहुन्छ ? जब परमेश्वर तपाइँको जीवन हेर्नुहुन्छ र तपाइँको सोच विचार हेर्नुहुन्छ र के उहाँ सम्पूर्णता देख्नुहुन्छ ? के उहाँ पुरै पवित्र जीवन देख्नुहुन्छ ? के उहाँ कुनैपनि अन्याय गरे बिनाको जीवन देख्नुहुन्छ ? यस अध्यायको अन्तद्वारा तपाइँ भन्न सक्षम हुनुहुनेछ:

- परमेश्वरले प्रत्येकमा के देख्नुहुन्छ,

- पापको उदाहरण दिन, र
- पापको परिणामहरु भन्न,

परमेश्वर के देख्नुहुन्छ भन्नेकुरा बाइबलका धेरै खण्डहरुले हामीलाई बताउँछ । ति खण्डहरु पढ्नुहोस्, याद गर्नुहोस कि परमेश्वरले प्रत्येक मानवको बारेमा बताउनुहुन्छ, त्यसको मतलब उहाँ तपाइँको बारेमा पनि बताउनुहुन्छ ।

“संसारमा यस्तो कुनै धर्मि मानिस छैन, जसले सबै काम ठिक गर्छ र कहिल्यै पाप गर्दैन ।” (उपदेशक ७:२०)

“किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमा सम्म पुग्नबाट चुकेका छन् ।” (रामी ३:२३)

सधैं जीवन बिताउने पुरुष र स्त्रीबाट हामी अलग छैनौं । हामी सबै पापमै जन्मिएका थियौं, किनकी हामीले सिद्ध र पवित्र जीवन जिएका छैनौं, हामी पापी छौं ।

सबै मानिस पापी छन् । बाइबलमा महामानव नोहा, मोसा, दाउद, पत्रुश र पावल पनि पापी थिए । आजका महामानव पनि पापी छन् ।

एउटा धर्मोपदेशक अथवा एउटा कैदी, समुदायिक नेता अथवा एउटा वेश्या, एउटा धनी मानिस अथवा एउटा गरीब मानिस प्रत्येक मानिसहरु पापी छन् । येशू बाहेक अरु कसैले पनि सिद्व र पवित्र जीवन जिएका छैनन् ।

उदाहरणको लागी कल्पना गर्नुहोस कि तपाइँ घरदेखि बाहिर हुनुहुन्छ । नया भवन बनाउनको लागी मानिसहरुको एउटा समूहले ठुलो खाल्डो खनेका छन् । तपाइँ र तपाइँको साथीहरु पहिला पुग्ने धावकको रुपमा दौड्दै हुनुहुन्छ । तपाइँ खाल्डो माथि उफ्रिन सकिन्छ कि भनेर हेर्न चाहानुहुन्छ । त्यसको दुरी चाहिँ केही बढी छ । त्यो खाल्डो माथि झण्डै १०० फिट (३० मिटर) चौडाई छ । तपाइँ उफ्रिएको ठाउँमा रेखाङ्कित गर्नुहुन्छ । हुनसक्छ तपाइँले १० फिट (३ मिटर) उफ्रिन सक्नुभयो । तेज दौडने मानिसले २० फिट (६ मिटर) उफ्रिन सक्छ होला । तर पनि त्यस मानिसले अर्को छेउमा पुग्न सक्दैन । तपाइँहरु सबै खाल्डो मुनी पुग्नुहुन्छ ।

पापसँग पनि यस्तै हुन्छ । हामी सबैले पाप गरेका छौं र परमेश्वरले चाहानु भएको पवित्रताबाट खसेका छौं ।

१) परमेश्वरको दृष्टिमा प्रत्येक मानिस ............... छन् ।

२) परमेश्वरको दृष्टिमा कसैले पनि ..........जीवन जिएका छैनन् ।

३) बाइबलका महान व्यक्तिहरु पनि .............. थिए ।

( तपाइँको उत्तर पेज नं. २० को तल जाँच्नुहोस् )

तर मानिसहरु किन पापले त्यति दु:खीत हुन्छन् ? किनकी यसले हामीलाई परमेश्वरको मागमा ल्याउँदछ । बाइबलले भन्दछ, “किनकी सबैले पाप गरेका छन् । र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।” (रोमी ३:२३)

किनकी हामी पापी छौं, हामी परमेश्वरको व्यवस्थाको मागले सिद्व अथवा पवित्र हुन सक्दैनौं । हाम्रो कोशिस गर्ने कुराको कुनै प्रशंग छैन । हामी सधैं पवित्रताबाट खस्ने छौं । त्यसकारण हामी स्वर्ग अथवा अनन्त जविनको बदलामा नर्क अथवा अनन्त मृत्यु प्राप्त गर्छौं । बाइबलले भन्दछ, “किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको बरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।” (रोमी ६:२३)

तपाइँसँग नौकरी छ भने तपाइँ पैंसा कमाउनुहुन्छ । यो तपाइँको मोल हो । यो मोल पापको अनन्त मृत्युद्वारा मात्र कमाएको हो । अथवा यो जीवनको मृत्यु पृथ्वीमा हुन्छ र आत्मिकि मृत्यु नर्कमा । यद्यपि तपाइँ अरु भन्दा

राम्रो अथवा अरु भन्दा खराब हुनुहुन्छ भन्नेकुरा विचार गर्नुहुन्छ, हामी सबै मृत्यु कमाउँछौं ।

सायद यो उदाहरणले मदत गर्नेछ । तपाइँ र तपाइँको साथीहरु एउटा टेबलमा तिनवटा बिषले भरिएको गिलास लिएर बस्दैहुनुहुन्छ । एउटा गिलास पुरै भरिएको छ, र तपाइँको एउटा साथीले त्यसलाई पिउँदछ । दोश्रो गिलास आधा छ, त्यसलाई तपाइँको अर्को साथीले पिउँदछ । तेश्रो गिलासमा अलिकति मात्र बिष छ र त्यसलाई तपाइँ पिउँनुहुन्छ । के परिणाम केही फरक हुनेछ ? सबैको परिणाम एउटै हुँदैन । सानो मुल्यको बिषले तपाइँलाई छिट्टै मार्नेछ । त्यसैप्रकारले यद्यपि सानो पापले हाम्रो जीवनलाई बिगार्छ र हाम्रो जीवन मृत्युसँग अन्त हुन्छ । हामी आफै विचार गर्दछौं कि सानो पापी र ठुलो पापी, जे भएपनि हामी मृत्यु आर्जन गर्दछौं ।

ती सत्यताहरु अर्को गणितिय समस्याद्वारा देखाईएका छन् । यसलाई विचार गरेर पढ्नुहोस् ।

१००% पाप
+०% पवित्रता=
१००% नर्कमा अनन्त मृत्यु

४) किनकी हामी ....... छौं, परमेश्वरको व्यवस्थाको माग जस्तै हामी सिद्ध र पवित्र हुन सक्दैनौं ।

५) पापको कारणले प्रत्येक पापीले ........... आर्जन गर्दछन् ।

६) प्रत्येक पापीले ....... मा अनन्त मृत्यु प्राप्त गर्दछन् ।

७) यस पेजमा देखाईएको खाली ठाउँमा भर्नुहोस्

परमेश्वर साँच्चिकै हामीलाई देख्नुहुन्छ र हामी के प्राप्त गर्दछौं ।

१००%................
+०% ...............=
१००% ..............

(तपाइँको उत्तर पेज नं. २१ को तल जाँच्नुहोस्)

सायद तपाइँ सोध्न सक्नहुन्छ, पाप "भनेको के हो ?" बाइबलका अनुसार हामी पापलाई तिन भागमा बिभाजन गर्न सक्छौं ।

पेज नं. १९ को उत्तर: १. पापी २. सिद्ध (पवित्र) ३. पापीहरु

सबैभन्दा पहिले परमेश्वरले हामीलाई नगर भन्नुहुन्छ, पापले गर्दछ । यहाँ केही कुराहरु छन् जुन चाहीं परमेश्वर हामीलाई नगर भन्नुहुन्छ:

- हत्या नगर्नु (प्रस्थान २०:१३)
- चोरी नगर्नु (प्रस्थान २०:१५)
- व्यभिचार नगर्नु (प्रस्थान २०:१४)
- आफ्नो छिमेकी विरुद्ध झुटो गवाही नदिनु (प्रस्थान २०:१६)
- परमेश्वरको नाउँ व्यर्थैमा नलिनु (प्रस्थान २०:१७)

जब हामी तिनी चिजहरु गर्दछौं, ती चिजहरु परमेश्वरले हामीलाई नगर भन्नुहुन्छ, र हामी गर्दछौं । यसले हाम्रो लागी मृत्यु र नर्क कमाउँदछ । याद गर्नुहोस्, परमेश्वरले हामीलाई नगर्नु भनेर धेरै कुराहरु बताउनुहुन्छ ।



The Samaritan helped a man who was beaten by robbers.

दोश्रो, जुन कुरा परमेश्वरले हामीलाई गर्नुपर्दछ भन्नुहुन्छ, पापले नगर भन्दछ । परमेश्वरले हामीलाई गर्नु भनेर केही कुराहरु दिनुभएको छ ।

आफ्नो शत्रुलाई प्रेम गर (मत्ती ५:४४)

तिमीहरुलाई सताउनेका निम्ति प्रार्थना गर (मत्ती ५:४४)

आफ्ना आमा बुवालाई आदर गर (प्रस्थान २०:१२)

साँचो परमेश्वरको मात्र आराधना गर (प्रस्थान २०:३)

सबै किसिमका खराबीबाट अलग बस (१ थेसलोनिकी ५:२२)

जब हामी यी चिजहरु गर्दैनौं, परमेश्वर हामीलाई यी चीजहरु गर्न भन्नुहुन्छ, हामी पाप गर्दछौं । त्यसकारण हामी फेरी मृत्यु र नर्क आर्जन गर्दछौं ।
यादगर्नुहोस्, त्यहाँ धेरै चीजहरु छन् जुन परमेश्वरले हामीलाई यसो गर भन्नुहुन्छ ।

तेश्रो, पापले विचार पनि गर्नसक्छ अथवा केही कुरा हामी सोचिरहेका हुन्छौं । यहाँ केही विचारहरु छन् परमेश्वरले हामीलाई सोच्नुहुँदैन भनेर बताउनुहुन्छ ।

पेज नं. २० को उत्तर ४. पापी ५. मृत्यु ६. नर्क ७. १००% पाप, ०% पवित्रता, १००% नर्कमा अनन्त मृत्यु ।

“तर म तिमीलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ ।” (मत्ती ५:२८)

“आफ्नो दाजुभाइलाई घृणा गर्ने हरेक हत्यारा हो ।” (१ यूहन्ना ३:१५)

“आफ्नो छिमेकीको घरको लालच नगर्नु, आफ्नो छिमेकीको स्वास्नीको लालच नगर्नुं, आफ्नो छिमेकीको कमारा कमारी, गोरु गधा वा त्यसको कुनैपनि थोकको लालच नगर्नु”

यहाँ केही विचारहरु छन् जुन हामीले विचार गर्नुपर्ने कुरा परमेश्वर हामीलाई बताउनुहुन्छ ।

“भाई हो, जे कुरो सत्य छ, जे कुरो आदरणिय छ, जे कुरो न्याय सङ्गत छ, जे कुरो सुद्ध छ, जे कुरो प्रेम योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने, यिनै कुरामा विचार गर ।” (फिलिप्पी ४:८)

जब हामी कामुक अथवा घृणाजनक विचारहरु सोच्दछौं, हामी पाप गर्दछौं । जब हामी परमेश्वरले दिनुभएका चिजवस्तुमा सन्तुष्टि हुँदैनौं, हामी पाप गर्दछौं । जुन कुरा हाम्रो अधिनमा छैन, हामी त्यो कुरा अधिनमा भएको चाहन्छौं र हामी पाप गर्दछौं । जब हामी खराब कुरा र अपवित्र विचारहरु सोच्दछौं अनि हामी पाप गर्दछौं ।

जब हामी उत्कृष्ट, सत्य र निर्मल विचारहरु सोच्दैनौ, हामीले पाप गरेका हुन्छौं । हरेक पापले हामीलागी मृत्यु र नर्क आर्जित गर्दछ ।

८) परमेश्वर हामीले जे ......... चाहनुहुन्छ, पापले त्यही ........... हुँदैन ।

९) परमेश्वर हामीले जे .......... चाहनुहुँदैन पापले त्यही ........हुन्छ ।

१०) पापले हाम्रो टाउकोमा (दिमागमा) पनि खराब ........ हाल्दछ ।

११) यदि कुनै वाक्यले पापको बारेमा बर्णन गर्दछ भने त्यस ठाउँमा X राख्नुहोस् ।

............. अ) परमेश्वरलाई आराधना गर्नु

............. आ) चोरी गर्नु

............. इ) गरीबलाई दिनु

............. ई) मानिसलाई घृणा गर्नु

............. उ) कसैको हत्या गर्नु

............. ऊ) परमेश्वरलाई प्रार्थना नगर्नु

(तपाइँको उत्तर पेज नं. २३ को तल जाँच्नुहोस्)

तर किन परमेश्वरले थोरै पाप गरेपनि मानिसलाई नर्कमा पठाउनुहुन्छ ? यो थोरै पाप भन्दा केही बढी हुन्छ । जब हामी परमेश्वरका सबै मागहरु हेर्दछौं प्राय हामीले पाप गरेका छौं भन्नेकुरा हामी देख्दछौं ।

यसलाई साँचो प्रकारले हेर्न यहाँ एउटा तरिका छ । कल्पना गरौं, एक दिनमा हामी पाँच पटक पाप गर्दछौं । हामीले प्रत्येक दिन गरेको पापभन्दा धेरै कम छ । मानिसले गरेका पापहरु कसरी जम्मा हुन्छन् तलको सूचीले बताउँदछ ।

१ महिना = १५० पापहरु
६ महिना = ९१० पापहरु
१ बर्ष = १८२५ पापहरु
५ बर्षमा = ९१२५ पापहरु
१० बर्षमा = १८२५० पापहरु
२५ बर्षमा = ४५६२५ पापहरु
५० बर्षमा = ९१२५० पापहरु
७५ बर्षमा = १३६८७५ पापहरु

तपाइँ पापलाई कसरी तुलना गर्नुहुन्छ ? माथिको तालिकालाई यादगर्नुहोस् तपाइँ एक दिनमा पाँच पटक पाप गर्नुहुन्छ ।

पेज नं. २२ को उत्तरः ८. गर्न, गर्नु ९. गर्न, गर्नु १०. सोचाइहरु

बाइबलले यसो पनि भन्दछ, “किनकी जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरीएको हुन्छ ।” (याकुब २:१०)

तपाइँ परमेश्वरको एउटा नियम भङ्ग गर्नुहुन्छ भने तपाइँ परमेश्वरको सबै व्यवस्था तोड्नुहुन्छ । एउटा पाप गर्नु भनेको तपाइँ असिद्ध हुनु, अपवित्र र स्वर्ग आर्जन नगर्नु हो । यहाँ एउटा उदाहरण छ । बेलुन भित्र एउटा पिन राखेर एउटा मात्र प्वाल भयो भने पनि बेलुन फुट्छ, तर पुरै बेलुन बिना मुल्यको हुन्छ ।

परमेश्वर, सिद्ध न्यायको परमेश्वर र सिद्ध प्रेमको परमेश्वर हुनुहुन्छ । उहाँ मात्र त्यस्तो न्यायकर्ता हुनुहुन्छ, जुन चाहीँ मानिसले आर्जन गर्ने कुरामा नकसैलाई बढी र नकसैलाई कम दिनुहुनेछ ।

यहाँ एउटा उदाहरण छ । उदाहरणको लागी तपाइँ केही खाजा किन्नको लागी पसलमा जानुहुन्छ । खाजाको मुल्य दुई रुपिया छ । तपाइँसँग पाकेटमा एक रुपिया मात्र छ । तपाइँले आफ्नो साथीबाट ५० पैसा माग्नुहुन्छ । अब तपाइँसँग १ रुपिया ५० पैसा हुन्छ । तर तपाइँ सबै जम्मागर्न सक्नुहुन्छ । के तपाइँ खाजा किन्न सक्नुहुन्छ ? सक्नुहुन्न । तपाइँसँग पैंसा कम भयो । तपाइँले खाना किन्नको लागी जे माग गर्नुभएको छ त्यसको कमी भयो ।

परमेश्वरले उहाँको सिद्ध न्यायमा भन्नुभएको छ । "यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।" (मत्ती ५:४८) यदि तपाइँ निश्चिय जीवन जिएर स्वर्ग पाउँदै हुनुहुन्छ भने तब तपाइँले सिद्ध हुनैपर्दछ । परिपूर्णता हुनलाई कुनै चिजको कमी हुन्छ र तपाइँ स्वर्ग पाउनुहुने छैन । "किनकी पापको ज्याला मृत्यु हो । (रोमी ६:२३)

१२) एउटा व्यक्ति ........... उसको जीवनमा पापगर्दछ ।

१३) यदि एउटा व्यक्तिले ............ पाप गर्दछ भने परमेश्वरको सबै व्यवस्था भङ्ग गर्दछ ।

१४) एउटा पापले पनि हामीलाई अपवित्र बनाउँछ र ...........आर्जन गर्दछ ।

(तपाइँको उत्तर पेज नं. २५ को तल जाँच्नुहोस्)

# अध्याय दुईको समालोचना

जब परमेश्वर हामी प्रत्येकलाई हेर्नुहुन्छ, उहाँ हामी सबैलाई पापले भरिएको देख्नुहुन्छ । जब हामीले गर्नुपर्ने काम हामी गर्दैनौं, अनि हामी पाप गर्दछौं । जब परमेश्वर हामीले जे गरेको चाहनुहुन्छ, तर हामी गर्दैनौं अनि हामी पाप गर्दछौं । तब हामी पापमय विचारहरु सोच्दछौं । हामी पापको कारण र पापपूर्ण स्वभावको कारणले परमेश्वरले हामीलाई माग गर्नुभएको कुराकाट हामी खस्छौं । परमेश्वरको न्यायमा पापले हाम्रो लागी मृत्यु कमाउँछ । जब परमेश्वर हामीलाई पापी देख्नुहुन्छ, उहाँ हामीलाई मृत्युले दण्डीत हुनेकुरा देख्नुहुन्छ ।

**महत्वपूर्ण विवरण**: तपाइँको अध्ययन नरोक्नुहोस् । यस अध्यायले तपाइँलाई बढी निरुत्साही कुराहरु सिकाएको छ । यसमा कुनै असल समाचार छैन । तर असल समाचार अगाडी छ । त्यसकारण यसलाई नछोड्नुहोस् । सम्पूर्ण पूस्तक पढ्न जारी राख्नुहोस् । नत्रता तपाइँलाई माफी हुनेछैन ।

पेज नं. २४ को उत्तर: १२. प्राय १३. एक १४. मृत्यु

# अध्याय दुईको जाँच

१) परमेश्वरले प्रत्येकलाई ......... देख्नुहुन्छ ।

२) पापको कारणले परमेश्वरको व्यवस्था अनुसारको ........... जीवनबाट हामी टाढा खसालिएका छौं ।

३) हाम्रो पापले .......... कमाएको छ ।

४) जुनकुरा परमेश्वरले हामीलाई .......... भन्नुहुन्छ, पापले ............. हुँदैन ।

५) परमेश्वरले हामीलाई जे ......... हुँदैन भन्नुहुन्छ, पापले ................ हुन्छ ।

६) कामुक, दुष्ट अथवा घृणा जस्ता .......... पनि पाप ने हो ।

७) यदि हामी खराब कुराले .......... पाप गर्दछौं भने, हामी आत्मिकी मृत्यु अथवा ........... प्राप्त गर्दछौं ।

८) प्रत्येक व्यक्ति उसको जीवनमा खराब कुराले ......... पाप गर्छन् ।

( तपाइँको उत्तर पेज नं. ६६ मा जाँच्नुहोस् )

अध्याय तीन

# मानव निर्मित उपचारहरु

अब तपाइँ यस्तो प्रकारको प्रश्न आफैलाई सोध्न सक्नुहुन्छ होला । यदि सबै मानिसहरु यति पापपूर्ण छन् भने, कुनै मानिसले स्वर्ग पाउन सक्छ ? मानिसबाट यस महत्वपूर्ण प्रश्नको धेरै जवाफहरु आउँछन् । हामी त्यसलाई उपचार भन्ने छौं, पापको समस्याको लागी उपचार । यदि तपाइँ सिकिस्त बिरामी हुनुहुन्छ र राम्रोहुन चाहनुहुन्छ भने तपाइँ डाक्टरलाई देखाउन सक्नुहुन्छ । डाक्टरले तपाइँलाई केही औषधि दिनेछ । त्यो औषधि तपाइँको बिराम तथा रोगको लागी उपाचार हुनेछ । त्यसैगरी मानिसहरुले पापको उपचारको लागी अनेकौं उपाय गर्छन र त्यसले हामी सबैलाई प्रभावित गर्दछ । यस अध्यायको अन्तमा तपाइँ सक्षम हुनुहुनेछः



यूसुफ परिक्षा र पापबाट भाग्यो ।

- मानिसहरुले पापको लागी प्रयोग गर्ने तिनवटा सामान्य औषधिको वर्णन गर्न र

- किन तिनीहरु मध्ये कसैले काम गर्दैनन् सो भन्न ।

## उपचार संख्या एक: कडा कोशिस गर्नु

यस औषधिमा, हामी भन्दछौं कि असल मानिस हुनलाई कडा कोशिस गर्दछौं । हामी पापी छौं भन्नेकुरा हामी जान्दछौं । तर यदि हामी कडा कोशिस गर्दछौं, यदि हामी असल हुन सकेजती कडा भन्दा कडा कोशिस गर्न सक्छौं भने परमेश्वर हामीसँग खुसी हुनुहुनेछ र हामीलाई स्वर्ग भित्र जान दिनुहुनेछ ।

प्रत्येक दिन चारैतिर मानिसहरुले यस औषधिको कोशिस गरेको तपाइँ देख्न सक्नुहुन्छ । "म मेरो जीवनलाई सिधा गर्दैछु । म स्कुल जानको लागी गईरहेको छु । म स्कुलबाट स्नातक (ग्रेजुएट) गर्दैछु र प्रमाण पत्र पाउँछु । म मण्डलीको सेवा शुरु गर्दैछु । "अरुले भन्छन्" म आफै नौकरी पाउँदैछु । मादकपदार्थ पिउन त्याग्नुहोस् र औषधीको प्रयोग गर्नुहोस् र मेरो परिवार सँग सम्बन्ध सुधार गर्नुहोस् । तर हामी सकेजती कडा कोशिस गर्दछौं । हामी अझै प्राप्त गर्न सक्दैनौं अथवा पूर्णतासम्म पुग्न सक्दैनौं । कडा कोशिसले कहिल्यै पापको समस्या समाधान हुँदैन ।

यसलाई हामी एउटा धेरै लामो भऱ्याङसँग तुलना गर्न सक्छौं । यो भऱ्याङ सिद्ध भएको छ र यस भऱ्याङले स्वर्ग सम्म पुऱ्याउँछ । हामी जान्दछौं कि हामी पापी छौं । हामी नजिकै भऱ्याङको तल छौं । हामी आफैलाई भन्दछौं, कडा भन्दा कडा कोशिस गरौं । असल हुनलाई तपाइँ कडा भन्दा कडा कोशिस गर्नसक्नुहुन्छ । हामी भऱ्याङमा केही माथी चढ्छौं । समस्या यो मात्र छकि हामी कहिल्यै सिद्ध हुन सक्ने छैनौं र भऱ्याङको माथीसम्म पुग्ने छैनौं । याद गर्नुहोस परमेश्वर सिद्धताको माग गर्नुहुन्छ । तर पापको कारणले हामी कहिल्यै सिद्ध हुने छैनौं । सायद हामी केही असल हुन सक्छौं, तर हामी कहिल्यै सिद्ध हुन सक्दैनौं ।

१) हामीलाई पापको अस्वस्थताको ........... आवश्यकता छ ।

२) एउटा औषधि चाहीँ मानिसहरुले कडा ........... कोशिस गर्नुपर्छ भन्ने विचार गर्छन् ।

३) तर हामी कसरी कडा कोशिस कसरी गर्छौं त्यो कुनै विषय छैन, हामी कहिल्यै ......... हुन सक्दैनौं ।

(पेज नं. ३१ को मुनी हेरेर तपाईको उत्तर जाच्नुहोस )

## उपचारसंख्या २: असल कामसँग खराब सन्तुलन

यस उपचारमा हामी असल काम गरेर पापको लागी बराबर गर्न कोशिस गर्छौं । हामी कहिलेकाहीँ विचार गर्दछौं कि यदि हामी प्रशस्त असल काम गर्दछौं भने हामीले गरेको पापको भारबाट  तिनीहरु सन्तुलन हुनेछन् । तब परमेश्वर हामीसँग खुसी हुनुहुनेछ र स्वर्ग भित्र पस्न दिनुहुनेछ ।

उदाहरणको लागी, गएको हप्ता तपाइँको साथीले तपाइँलाई केही लागुपदार्थ पिउनको लागी बोलाउनुभयो । तपाइँ लामो समय देखि लागुपदार्थ प्रयोग गर्नु हुन्थ्यो । त्यसैले तपाइँले कम मुल्यमा किन्नुभयो । जे तपाइँ गर्दैहुनुहुन्थ्यो त्यो ठिक थिएन भन्नेकुरा तपाइँ जान्नुहुन्थ्यो । तर तपाइँको दिमागले यस्तै केही भन्यो, “हो, लागु पदार्थ सेवन गर्नु ठिक होईन । यो व्यवस्थाको विरुद्व हो र मैले व्यवस्थाको आज्ञापालन गर्नुपर्दछ भन्नेकुरा मलाई थाह छ । तर हेर्नुहोस्, म छिट्टै कसरी असल हुन्छु । म कडा परिश्रम गर्दछु । म खराब पत्रपत्रिकाको नक्कल राख्दैन । म जे भन्छु तब त्यही हेर्दछु । म श्राप अथवा सपथ खाँदैन ।

के तपाइँ देख्नुहुन्छ के भईरहेको छ ? तपाइँको दिमागले भन्दैछ कि ती असल कामहरु गरेर तपाइँले गरेका खराब कामहरुको बराबर भएको छ । समस्या यो मात्र हो: बाइबलले भन्दछ, “पापको ज्याला मृत्यु हो ।” (रोमी ६:२३) प्रत्येक पापले अनन्त मृत्यु कमाउँछ । असल काम गर्नाले पाप अथवा तपाइले कमाएको पापको सजाय

हट्दैन । पाप अझै त्यहाँ हुन्छ । तिनीहरुले पाप वृद्धि गर्न कायम राख्छन् । बढी भन्दा बढी तिनीहरुले नर्कमा मृत्यु कमाउन जारी राख्छन् ।

४.दोश्रो औषधी खराब कुरा ढाक्नको लागी प्रशस्त .......... कार्य गर्नु हो ।

५.बाइबलले भन्दछ प्रत्येक पापले .......... आर्जन गर्दछ ।

(तपाइँको उत्तर पेज नं. ३२ को तल जाँच्नुहोस् )

**उपचार संख्या ३: आफैलाई अरुसँग तुलना गर्नु**

किनभने यस औषधिमा हामी एउटा व्यक्तिलाई हामी आफैसँग तुलना गरी हेर्छौं । हामी कसै एकजनालाई हेर्दछौं जसले हामीले गरेको भन्दा बढी खराब (पाप) कुराहरु गरेको हुन्छ । प्राय हामी समाचार पत्रमा पढ्छौं अथवा एउटा साथीले एउटा व्यक्तिको बारेमा हामीलाई भन्दछ, जसले पसलबाट केही चोरेको छ र पकडिएको छ । अथवा एउटा मानिस जसले आफ्नो श्रीमति र बच्चाको गर्‍यो । हामी मानिसबाट सुन्दछौं, जसले बच्चासँग नराम्रो व्यवहार गर्छ अथवा एउटा लोग्नेमान्छे जसले आफ्नो श्रीमतिलाई कुटपिट गर्छ । यसो हो भने प्रत्येकले परमेश्वरबाट सजाय पाउँछन् । यो तिनी मानिसहरुका निम्ति निश्चित हुनेछ ।

तर यस्तो औषधिले काम गर्दैन । यदि हामी आफैलाई अरु कुनै सँग तुलना गर्दैछौं भने हामीले आफैलाई परमेश्वरसँग तुलना गर्नैपर्छ । जब हामी आफैलाई परमेश्वरसँग तुलना गर्छौं, हामी देख्दछौं कि हामी उहाँ जस्तै सिद्ध भएका छैनौं । हामीलाई पवित्रतामा आउन उहाँ माग गर्नुहुन्छ । हामी अझै पापी छौं । हामी केवल मृत्यु र नर्क आर्जन गर्दछौं ।

६) तेश्रो औषधिले हामीलाई कसैसँग तुलना गर्दछ जसले बढी .......... गरेको हुन्छ ।

७) तर हामीले आफैलाईं .......... सँग तुलना गनुपर्छ, अरु मानिससँग होईन ।

( तपाइँको उत्तर पेज नं. ३२ को तल जाँच्नुहोस् )

| |
|---|
| पेज नं. ३० को उत्तरः १. औषधि २) कोशिस गर्नु ३. सिद्ध |

मानिसले बनाएको कुनै पनि औषधीले काम नगरेको तपाइँ हेर्न सक्नुहुन्छ । तिनीहरु असल देखिन सक्छन् । तिनीहरुले गरेको कामले तिनीहरु असल देखिन सक्छन् । कसैले पनि पापको अस्वस्थता र यसको सजायको बिचार गर्दैनन् । ती मानव निर्मित औषधीले हामीलाई पापमै छोड्छ र यसले मृत्यु र नर्क आर्जन गर्दछ । यसै प्रकारले बाइबलले भन्दछ, "कुनै बाटो मानिसको नजरमा ठिक देखिएला तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ ।" (हितोपदेश १६:२५)

मानिसले बनाएका सबै औषधीहरु कसरी असल देखिन्छन् र चाँडै खस्छन् यसको कुनै मतलब छैन । तिनीहरुले केवल नर्कमा अनन्त मृत्युको बाटो तिर डोऱ्याउँछ ।

८) मानिसले बनाएका कुनै पनि औषधिले ............. को अस्वस्थताको विचार गर्दैन ।

९) परिणाम स्वरुप मानव निर्मित सबै औषधिहरुले ............. को बाटो तिर डोऱ्याउँछ ।

( तपाइँको उत्तर पेज नं. ४२ को तल जाँच्नुहोस् )

परमेश्वर हामीबाट जे माग गर्नुहुन्छ त्यो अध्ययन हामीले पुरा गऱ्यौ । हाम्रो जीवन जीउने क्रममा पापको ठुलो समस्या हामीले देख्यौं । हामीले यो पनि देख्यौं कि मानव निर्मित औषधिले पापको समस्यालाई विजय गर्न सक्दैन । अर्को अध्यायको अन्तमा हामी असल समाचार पाउनेछौं । जुन हाम्रो पापको निम्ति परमेश्वरको औषधि हो ।

# अध्याय तीनको समालोचना

पाप भनेको हामी प्रत्येकमा अस्वस्थता जस्तै हो । हामीले पापको अस्वस्थताको लागी औषधी पत्ता लागाउन आवश्यक छ । अथवा हामी मर्ने छौं । एउटा औषधीमा मानिसहरुले कडा कोशिस गर्न विचार गर्दछन् । अरु मानिसहरुले अरु थुप्रै असल कुरहारु तिनीहरुले गर्ने पापको स्वरुपको लागी कोशिस गर्छन । अझै अरु मानिसहरुले आफै आरामदायी खोज्दछन् र अरु जुन मानिसहरु खराब देखिन्छन् तिनीहरुसँग तुलना गर्छन् । तर बाइबलले भन्दछ कि एउटा पापले पुरै जीवन जीउन अपवित्र बनाउँछ । त्यसैले हाम्रा सबै मानव निर्मित औषधिहरु असफल हुन्छन् ।

# अध्याय तीनको जाँच

१) हामीलाई पापको अस्वस्थताको लागी ............... को आवश्यकता छ ।

२) एउटा औषधिले मानिसहरु कडा .............. को बारेमा विचार गर्छन् ।

पेज नं. ३३ को उत्तर: ४. असल ५. मृत्यु
पेज नं. ३१ को उत्तर: ६. पाप गर्नु ७. परमेश्वर

३) तर हामी जसरी कडा कोशिस गरेपनि हामी कहिल्यै ........... हुन सक्दैनौं ।

४) दोश्रो औषधि ........... कुरा ढाक्नको लागी प्रशस्त ........ कार्य गर्नु हो ।

५) तर बाइबलले भन्दछ, प्रत्येक पापले ....... आर्जन गर्दछ ।

६) तेश्रो औषधिले कसैसँग हामीलाई तुलना गर्छ, जसले बढी ........... गरेको देखिन्छ ।

७) तर हामीले आफुलाई .......... सँग तुलना गर्नुपर्छ, अरु ............... सँग होईन ।

८) मानव निर्मित औषधि केही पनि होईन जसले .......... को अस्वस्थतालाई विचार गर्दछ ।

९) परिणाम स्वरुप सबै मानव निर्मित औषधिले ........ तिर डोऱ्याउँछ ।

( तपाइँको उत्तर पेज नं. ६६ मा जाँच्नुहोस् )

पेज नं. ४० को उत्तर: ८. पाप ९. मृत्यु (नर्क)

अध्याय चार

# परमेश्वरको उपचार

अब तपाइँ सोध्न सक्नुहुन्छ होला, “कसैले कसरी स्वर्ग पाउन सक्छ ?” हामीले कसरी जीउने अथवा के गर्ने भन्ने आधारमा हामी स्वर्ग पाउन सक्दैनौं । हामीले स्वर्ग पाउने यो बाटो हाईन । हाम्रो पापले यसलाई असम्भव बनाउँछ । परमेश्वरको व्यवस्थाको सन्देशले यसलाई स्पष्ट बनाउँछ ।यसको अर्थ हामी स्वर्गमा हुन नसक्ने होईन । किन ? किनकी परमेश्वर आफैले पापको अस्वस्थताको लागी औषधी दिनुभएको छ । परमेश्वरको

'शुसमाचारको सन्देश अथवा असल समाचारले हामीलाई त्यो औषधी हो भन्दछ ।

यस अध्यायको अन्तबाट तपाइँ सक्षम हुनुहुनेछः

- पापको अस्वस्थताको लागी परमेश्वरको औषधिको बारेमा भन्न, र
- परमेश्वरले हाम्रो निम्ति बनाउनुभएको महान विनिमयको वर्णन गर्न

करीब २००० बर्ष अगाडी परमेश्वर पिताले उहाँको एक मात्र पुत्र येशू ख्रीष्टलाई यस संसारमा पठाउनुभयो । उहाँले हाम्रो प्रतिरुपमा येशूलाई पठाउनुभयो । यसले हाम्रो स्थान लिन्छ । जब एउटा खेलाडी लामो समय देखि खेलेको छैन तब फुटबल खेलमा के हुन्छ ? प्रशिक्षकले त्यो खेलाडीको प्रतिरुपमा अर्को खेलाडी पठाउँछ । हामी आफैद्वारा स्वर्ग पाउन सक्दैनौं । त्यसैले परमेश्वर पिताले उहाँको पुत्र येशू
ख्रीष्टलाई यस संसारमा हाम्रो प्रतिरुपमा पठाउनुभयो । हामीले गर्न नसक्ने काम येशूले गर्नुभयो ।
येशूले हाम्रो निम्ति के गर्नुभयो ? बाइबलबाट लिईएका वचनहरु तल हेर्नुहोस् ।

“किनकी हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । (२ कोरिन्थी ५:२१)

“किनकी हाम्रा प्रधान पुजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि पाप रहित हुनुहुन्थ्यो ।” (हिब्रु ४:१५)

हाम्रो प्रतिस्थापनको रुपमा येशूले पाप रहित सिद्ध जीवन जीउनुभयो । उहाँले त्यस्तो सिद्ध जीवन र प्रेम पवित्र जीवन जीउनु भयो जुन चाहीँ हामी जीउन खोज्छौं तर सक्दैनौं । उहाँले कहिल्यै पाप गर्नुभएन । त्यसैले बाइबलले भन्दछ, उहाँले “पाप गर्नुभएन ।”

१) परमेश्वरले उहाँको पुत्र येशूलाई हाम्रो ............ हुन पठाउनुभयो ।

२) येशूले हाम्रो स्थानमा ............ जीवन जीउनुभयो ।

( तपाइँको उत्तर पेज नं. ३७ को तल जाँच्नुहोस् )

येशूले हाम्रो निम्ति सबै गर्नुभएको मात्र थिएन । यद्यपि उहाँ सिद्ध हुनुहुन्थ्यो र उहाँले कहिल्यै एकपटक पनि पाप गर्नुभएन । उहाँले जे गर्नुभयो, पढ्नुहोस् ।

“हामी सबै भेडा झैं बरालिएका छौं, हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथी हामी सबैको अधर्म हालि दिनुभएकोछ ।” (यशैया ५३:६)

“किनकी हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो ।” (२ कोरिन्थी ५:२१)

येशू आफैले कुनै पाप गर्नुभएन । तर परमेश्वरले हाम्रा पापहरु उहाँमा राखिदिनुभयो । उहाँले तपाइ का पापहरु पनि बोक्नुभयो । परमेश्वरको व्यवस्थामा भनिएको छ कि हाम्रा पापको न्याय गरिनुपर्छ । त्यसकारण परमेश्वर पिताले न्याय येशूमा राखिदिनुभएको छ र येशूले क्रुशसम्म बोक्नुभयो । उहाँले हाम्रो लागी क्रुशमा के गर्नुभयो हेर्नुहोस् ।

“तर उ त हाम्रा अपराधका निम्ति छेडियो, हाम्रा अधर्मका निम्ति उ पेलियो, हामीमा शान्ति ल्याउने दण्ड उसमाथी पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।” (यशैया ५३:५)

“निश्चिय नै उसले हाम्रा निर्बलताहरु बोक्यो, र हाम्रा दु:ख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काईएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं ।” (यशैया ५३:४)

हाम्रो पापको खातिर परमेशवरले येशूलाई क्रुशमा दण्ड दिनुभयो । पापको विरुद्धमा परमेश्वरको पुरा क्रोधमा येशू क्रुशमा रहनुभयो । हाम्रो सट्टामा येशूले नर्कको कष्ट भोग्नुभयो । त्यसैले येशू क्रुशबाट चिल्लाउनुभयो, "हे मेरा परमेश्वर तपाईंले मलाई किन त्याग्नुभएको छ ?" (मत्ती २७:४६)

तपाइँको बदलामा येशूको दण्डद्वारा परमेश्वरले तपाइँको लागी उहाँको प्रेम देखाउनुभयो । तपाइँको स्थानमा क्रुशको दण्डद्वारा येशूले तपाइँलाई उहाँको प्रेम देखाउनुभयो । अरुले सधैं भोग्ने कष्ट भन्दा येशूले धेरै कष्ट भोग्नुभयो । उहाँ निर्दोष हुनुहुन्थ्यो तैपनि उहाँले कष्ट भोग्नुभयो र मर्नुभयो, उहाँले कुनै नराम्रो काम गर्नुभएको थिएन । येशू पापको लागी परमेश्वरले बनाउनुभएको औषधी हुनुहुन्छ । उहाँ पापको लागी मात्र असल औषधी हुनुभयो । उहाँले मात्र सिद्ध जीवन जीउन सक्नुभयो । उहाँले उहाँको निर्दोष रगतले मात्र हाम्रा सबै पापको सजाय तिर्न सक्नुभयो

।३) परमेश्वरले संसारका ........ येशूमा राखिदिनुभयो ।

| |
|---|
| पेज नं. ३६ को उत्तर: १. प्रतिस्थापन २. सिद्ध |



सिपाहीहरुले येशूलाई पिटे र उहाँको गिल्ला गरे ।

४) .......... ले हाम्रो ......... को खातिर येशूलाई कष्ट भोगाउनुभयो ।

५) यो सजाय त्यसबेला समाप्त भयो जब येशू क्रुशमा ........... भयो ।

६) येशू केवल पापको लागी ............. हुनुहुन्छ ।

( तपाइँको उत्तर पेज नं. ३९ को तल जाँच्नुहोस् )

हामी "परमेश्वरको महान विनिमयको" रुपमा यस महान प्रेमको कामलाई विचार गर्न सक्छौं । एक समय सायद तपाइँलाई केही कुरा लगाउनलाई दिईएको थियो होला । जब तपाइँले यसलाई लगाउन कोशिस गर्नुभयो, तर यो ठिक भएन । अनि तपाइँले यसलाई साट्नको लागी पसलमा फिर्ता गर्नुभयो । सायद तपाइँले यसलाई ठिक हुने कपडासँग साट्नभयो होला । अथवा हुनसक्छ तपाइँले मुद्रामा विनिमय गर्नुभयो होला ।

बाइबलमा हामी अर्को विनिमयको बारेमा पढ्छौं ।

"किनकी हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो ।" (२ कोरिन्थी ५:२१)


यस परिस्थितिले तलको गणितिय समस्याद्वारा फेरी चित्राङ्कित हुनसक्छ । पहिलो दुईवटा समस्याले येशू आउनुभन्दा पहिले यी कुरहारु थिए भन्ने देखाउँछ ।

| **येशू** | **मानिस** |
| --- | --- |
| १००% पवित्रता | ०% पवित्रता |
| ०% पाप | १००% पाप |
| १००% अनन्त जीवन | १००% अनन्त मृत्यु |

येशूले उहाँको जीवन हाम्रा पापको खातिर विनिमय गर्नुभयो । येशूले उहाँको आफ्नो जीवन हामीलाई दिनुभयो र उहाँले हाम्रा पापहरु आफै माथी लिनुभयो । अब, जब परमेश्वर हामीलाई हेर्नुहुन्छ, उहाँ येशूको सिद्ध जीवन मात्र देख्नुहुन्छ । येशू हाम्रा पापले ढाकिनुभयो, कष्ट भोग्नुभयो र हाम्रो बदलामा मर्नुभयो । यो चाहीँ महान विनिमय हो ।त्यसकारण बाइबलले भन्दछ, “तर उहाँ ज्योतीमा हुनुभए झैं यदि हामी पनि ज्योतीमा हिड्छौं भने एक अर्का सित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।” (१ यूहन्ना १:७)

परमेश्वरको महान विनिमय पछि केही चिजहरु हामी माथी यसरी थपिँदै जान्छ ।

पेज नं. ३६ र ३८ को उत्तरः ३. पाप ४. परमेश्वर, पाप ५. मर्नुभयो



सिपाहीहरुले येशूको निन्दा गरे ।

**येशू**

०% पवित्रता

१००% पाप (संसारको)

१००% मृत्यु (क्रुशमा)

**मानिस**

१००% पवित्रता (येशूद्वारा दिईएको)

०% पाप (येशूले लिनुभएको)

१००% अनन्त जीवन (स्वर्गमा)

७) येशूले उहाँको सिद्ध जीवन हाम्रो .......... को लागी विनिमय गर्नु भएको छ ।

८) हामी पापी भएकोले येशूले कष्टको ........... भोग्नुभयो ।

( तपाइँको उत्तर पेज नं. ४२ को तल जाँच्नुहोस् )

एउटा कैदीलाई अदालतले दण्ड तोक्नुभन्दा अगाडी उसलाई धेरै विशेषाधिकारको अनुमती दिइँदैन । प्राय उ स्कुल जान सक्दैन अथवा बाइबलल कक्षाहरुमा जान सक्दैन । कैदी कति असल छ भन्नेकुरा सिपाहीहरुलाई केही मतलब हुँदैन । उसलाई निश्चित विशेष अधिकार दिईएको हुनेछैन । तर यदि कोही मानिस कैदिको दण्डाज्ञा बदल्न आयो भने के हुन्छ र त्यसकारण तुरुन्तै उसले चाहेको प्रत्येक कुरामा भाग लिन सक्छ ? यदि तपाइँ त्यो कैदी भएको भए के अनुभव गर्नुहुन्थ्यो र तपाइँको ठाउँमा अरु कसैलाई दण्डको लागी लिईएको

थियो त्यसकारण तपाइँले स्वतन्त्रता पाउनुभयो ? तपाइँले उत्तम कुरा महशुस् गर्नुभयो, होईन र ?

तर यसै प्रकारले ती कुराहरु चलचित्रमा हुँदैनन् वास्तविक जीवनमा पनि धेरै कम हुन्छन्, ठिक हो ? तर यसमा विश्वास गर्नुहोस् वा नगर्नुहोस् तर त्यही कुरा चाहीं येशूले तपाइँको लागी गर्नुभयो । तपाइँका पापको लागी उहाँले परमेश्वरको अदालतमा सिद्ध प्रमाण तपाइँलाई दिनुभयो । उहाँले फेरी एकपटक तपाइँलाई परमेश्वरको छोराछोरी हुन यसलाई सम्भव बनाउनुभयो । उहाँले तपाइँको ठाउँ लिनुभयो र तपाइँको पापको दण्ड तिर्नुभयो । सबै मोल तिरेर येशू तपाइँलाई निर्दोष बनाउन सम्भव बनाउनुभयो । उहाँ तपाइँको स्वर्ग जाने एकमात्र बाटो हुनुभयो । तत्कालको उदाहरणलाई सम्झनुहोस् । तपाइँ एउटा ठुलो खाल्डो नजिक उभिनुभएको छ, तपाइँ त्यो खाल्डोको अर्कोपट्टि उफ्रन चाहनुहुन्थ्यो, तर तपाइँले पार गर्न नसकेर त्यस खाल्डोमा खस्नुभयो र मर्नुभयो । तर अब परमेश्वरले तपाइँलाई बचाउनुभएको छ । उहाँले तपाइँका लागी त्यो खाल्डो पार गर्ने एउटा बाटो दिनुभएको छ । बाटो सुरक्षित छ र अर्को छेउमा येशू हुनुहुन्छ । येशूले तपाइँलाई अर्को छेउ सम्म सुरक्षित लिनुभएको छ ।उहाँले मृत्यु र पापको खाल्डो पार गराउनुभएको छ र स्वर्गको ठाउँ सुरक्षित राख्नुभएको छ । त्यसैले येशू स्वर्गको एकमात्र बाटो हुनुहुन्छ ।

९) येशूको कारणले अब हामी परमेश्वरको दृष्टिमा .............. घोषित भएका छौं ।

१०) येशूले हाम्रो लागी अनन्त ........... जित्नु भएको छ ।

११) येशू स्वर्गको एक .......... बाटो हुनुहुन्छ ।

( तपाइँ उत्तर पेज नं. ४४ को तल जाँच्नुहोस् )

पेज नं. ४१ को उत्तर: ७. पाप ८. दण्ड

# अध्याय चारको समालोचना

मानव निर्मित औषधिले कहिल्यै पनि हाम्रो पापको समस्या समाधान गर्न सक्दैन । त्यसैले परमेश्वरले पापको लागी औषधिको रुपमा मात्र हामीलाई येशू दिनुभयो । परमेश्वरले उहाँको पुत्रलालाई हाम्रो बदलामा सिद्ध जीवन जीउन संसारमा पठाउनुभयो । येशूले हाम्रा पापहरु आफैसँग लिनुभयो । परमेश्वरले हाम्रा पापको लागी येशूलाई दण्ड दिनुभयो । जब येशु क्रुशमा मर्नुभयो र जब येशू क्रुशमा मर्नुभयो त्यतिबेला त्यो भयो । येशूले हाम्रो पापपूर्ण जीवन उहाँको सिद्ध जीवनसँग जोड्नुभयो । त्यो चाहीं परमेश्वरले हाम्रो लागी बनाउनुभएको महान विनिमय हो । जब परमेश्वर हाम्रो न्याय गर्नुहुन्छ, अनि उहाँ हामी निर्दोष भएको घोषणा गर्नसक्नुहुन्छ र उहाँ हामीलाई अनन्त जीवन दिन सक्नुहुन्छ ।

# अध्याय चारको जाँच

१) हाम्रो प्रतिस्थापनको रुपमा येशूले ............ जीवन जीउनु भयो ।

२) हाम्रो प्रतिस्थापनको रुपमा येशू हाम्रो ............. को लागी दण्डीत हुनुभयो ।

३) येशूले हाम्रो पापको लागी ............ को दण्ड भोग्नुभयो ।

४) येशूको कारणले हामी नर्कको सट्टा .......... मा हुन सक्छौं ।

५) येशू पापको लागी ............. औषधि हुनुहुन्छ ।

६) येशूको कारणले परमेश्वर अब हामीलाई दोषीको सट्टा .......... देख्नुहुन्छ ।

७) येशू .......... लागी स्वर्गको बाटो हुनुहुन्छ ।

पेज नं. ४२ को उत्तरः ९. पवित्र १०. जीवन ११. मात्र


८) परमेश्वर हामीलाई कसरी हेर्नुहुन्छ, तल दिएको खाली ठाउँ पूरागर्नुहोस् ।

| खीष्ट आउनुभन्दा अगाडी | खीष्ट आएपछि |
|---|---|
| .............% पाप | ..........% पाप |
| ...........% पवित्रता | .........% पवित्रता |
| .............%................ | ..........%............... |

पेज नं ६६ मा हेरेर तपाईका उत्तर जाच्नुहोस ।



परमेश्वरले हाम्रा पापबाट बचाउनलाई उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो ।



अध्याय पाँच

# परमेश्वरको प्रतिज्ञा गरिएको उपहार

सायद तपाइँले पनि प्रतिज्ञा गर्नुभएको छ होला । हुनसक्छ तपाइँले एउटा असल व्यक्ति हुने प्रतिज्ञा गर्नुभयो । हुनसक्छ तपाइँले असल हुने प्रतिज्ञा गर्नुभयो अथवा कसैसँग बढी समय बिताउने प्रतिज्ञा गर्नुभयो । हामीले गरेको प्रतिज्ञा हामी सधैं पूरा गर्न सक्दैनौं । अरुहरुले पनि हामीसँग गरेको प्रतिज्ञा तिनीहरु सधैं पूरागर्न सक्दैनन् ।

यस अध्यायमा हामी परमेश्वरले गर्नुभएको प्रतिज्ञाको बारेमा सिक्ने छौं । किनकी परमेश्वर सिद्ध हुनुहुन्छ, यो प्रतिज्ञा परमेश्वर पूरा गर्नुहुनेछ । यस अध्यायको अन्तबाट तपाइँ सक्षम हुनुहुनेछः-

- बाइबलको दोश्रो मुख्य सन्देशको बर्णन गर्न
- परमेश्वरले गर्नुभएको सबभन्दा महत्वपुण प्रतिज्ञा भन्न
- किन त्यो प्रतिज्ञा उपहार हो व्याख्या गर्न र
- कसरी तपाइँ स्वर्गमा हुनसक्नुहुन्छ भन्न ।

अध्याय एकमा हामीले बाइबलको एउटा मुख्य सन्देश परमेश्वरको बारेमा सिक्यौं । व्यवस्थाले भन्दछ कि ती सबै परमेश्वरले हामीहरुको लागी माग गर्नुहुन्छ । अध्याय २ र ३ मा हामीले ती मागको बारेमा बढी सिक्यौं, विशेषतया हामीले पवित्र जीवन जीउनुपर्दछ भन्नेकुरा परमेश्वर माग गर्नुहुन्छ । हामीले यो पनि सिक्यौं कि परमेश्वरको व्यवस्था हाम्रो लागी खराब समाचार हो किनकी कुनै पनि व्यक्तिले पवित्र जीवन जीउन सक्दैन । तब व्यवस्थाले हामीलाई यो खराब समाचार हो भन्यो, हाम्रो पापको कारणले, परमेश्वरको व्यवस्थाले माग गर्दछ कि हामी नर्कमा दण्डीत हुन्छौं ।

अध्याय चारमा हामीले बाइबलबाट असल समाचार सुन्न शुरु गर्‍यौं । असल समाचार चाहीँ त्यो हो कि, परमेश्वरसँग हाम्रा पापको लागी औषधि छ । त्यो उपचार येशू ख्रीष्ट हुनुहुन्छ जसले हाम्रो प्रतिरुपमा कष्ट भोग्नुभयो र हाम्रा पापहरु पुरै हटाउनुभयो । यस

अध्यायमा हामी असल समाचारको बारेमा बढी सिक्ने छौं, त्यो असल समाचार चाहीँ परमेश्वरको प्रतिज्ञाको बारेमा छ ।

परमेश्वरको व्यवस्था अनि परमेश्वरको मागलाई हामी बाइबलको सन्दैश भन्दछौं । हामी जस्तै अरु पापीहरुका लागी व्यवस्था खराब समाचार हो । तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको बाइबलको सन्देश चाहीँ असल समाचार हो । त्यस असल समाचारलाई हामी शुसमाचार भन्दछौं । शुसमाचार पुरानो शब्द हो र त्यसको अर्थ असल समाचार हो । शुसमाचार अथवा असल समाचार बाइबलको दोश्रो मुख्य सन्देश हो । यसले हामीलाई परमेश्वरको प्रतिज्ञाको बारेमा भन्दछ ।

१) शुसमाचार शब्दको अर्थ .......... ............. हो ।

२) बाइबलले भन्दछ असल असल समाचार भनेको परमेश्वरले हामीसँग गर्नुभएको ................ हो ।

३) बाइबलको एउटा मुख्य सन्देश भनेको परमेश्वरको ........... हो । हामी बाट परमेश्वर जे ......... गर्नुहुन्छ त्यसको बारेमा यसले हामीलाई खराब समाचार भन्दछ ।

४) बाइबलको अर्को मुख्य सन्देश भनेको परमेश्वरको .............. हो । परमेश्वरले हाम्रो लागी जुन ............ गर्नुहुन्छ यसको बारेमा यसले हामीलाई असल समाचार बताउँदछ ।

( तपाइँको उत्तर पेज नं. ६५ को तल जाँच्नुहोस् )

अब परमेश्वरले हामीसँग गर्नुभएको सबैभन्दा महान प्रतिज्ञाको बारेमा हेरौं । बाइबलले यसरी भन्दछ, “किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।” (यूहन्ना ३:१६)

परमेश्वरको पुत्र येशू ख्रीष्टले हाम्रो लागी जे गर्नुभएको छ त्यसकारणले हामी अनन्त जीवन जीउन सक्छौं । अनन्त जीवनका अरु नामहरु, जीवनको अनन्त, स्वर्ग र आनन्दमय ठाउँ हुन् । बाइबलले स्वर्गको बारेमा जे भन्दछ सो लेख्नुहोस् ।

“किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।” रोमी ६:२३)

यस अनन्त अथवा जीवनको अनन्तलाई स्वर्ग भनिन्छ । यो परमेश्वरको उपहार हो । हाम्रा पापले नर्कको दण्ड मात्र कमाउन सक्छ । र हामीले कसरी कडा कोशिस गर्नुपर्छ भन्ने कुनै प्रशंग छैन । हामीले असल जीवन

जीउन कोशिस गरेर हामी कदापी स्वर्ग कमाउन सक्दैनौं । येशूले उहाँको सिद्ध जीवनद्वारा स्वर्ग हासिल गर्नुभएको छ । र उहाँ हामीलाई यो स्वर्गीय जीवन सित्तैको उपहारको रुपमा दिनुहुन्छ । बाइबलले यसो पनि भन्दछ, "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौं र यो तिमीहरु आफैबाट होईन, यो त परमेश्वरको वरदान हो, कर्महरुद्वारा हाईन, नत्रता मानिसहरुले घमण्ड गर्नेछ । (एफिसी २:८,९)

परमेश्वरको प्रेमले स्वर्ग हामीलाई दिईएको उपहार हो । उहाँको सिद्ध जीवन र क्रुशमा निर्दोषी मृत्युद्वारा उहाँको पुत्रले हाम्रा निम्ति अनन्त जीवन विजयी गर्नुभयो । परमेश्वर हामीलाई अनन्त जीवन सित्तैको उपहारको रुपमा दिनुहुन्छ ।

५) परमेश्वर हामीलाई ........... जीवन दिने प्रतिज्ञा गर्नुहुन्छ ।

६) अनन्त जीवन पुरै सित्तैको .......... हो ।

( तपाइँको उत्तर पेज नं. ५० को तल जाँच्नुहोस् )

त्यसैले तपाइँ कसरी मुक्त हुन सक्नुहुन्छ ? तपाइँ कसरी स्वर्गमा हुन सक्नुहुन्छ ? नयाकरारको प्रेरितको पुस्तकमा प्रचारक पावलाई कसैले त्यस्तै प्रकारको प्रश्न सोध्यो । प्रेरितको पुस्तक अध्याय १६ पुरै कथा पढेर तपाइँ आनन्द लिनुहोला, शुरुदेखि १६ पदसम्म पढ्नुहोला ।



The jailer gave Paul and Silas something to eat and drink.

शुसमाचार प्रचार गर्ने क्रममा पावल झ्यालखानामा थिए, जब ठुलो भुइँचालो आयो र झ्यालखाना हल्लियो, झ्यालखानाका सबै झ्याल ढोकाहरु खोलिए र सबैका बन्धनहरु खुले ।

झ्यालखानाको हाकिमले विचार गरे कि कैदीहरु भागिसके, अब म आफै दोषी हुन्छु भन्ठानेर तिनीहरु आत्महत्या गर्न तयार भए । तर पावलले भने तपाइँ आफै आत्महत्या नगर्नुहोस् किनकी हामी सबै यहीँ छौं । अनि झ्यालखानाको हाकिम पावल कहाँ आयो र सोध्यो, “मैले उद्धार पाउनलाई के गर्नुपर्छ ? पावलले जवाफ दिए, प्रभु येशूमा विश्वास् गर्नुहोस् र तपाईँले उद्धार पाउनुहुनेछ तपाईँले र तपाइँका परिवारले ।” (प्रेरित १६:३०,३१) येशूले हाम्रो मुक्तिको लागी जे गर्नुभएको छ तपाइँ विचार गर्नसक्नुहुन्छ ।

यस अनुच्छेदलाई सम्झनुहोस् ? हामीले यसलाई तत्कालै प्रयोग गर्‍यौं । “किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।” (यूहन्ना ३:१६)

पेज नं. ४८ को उत्तर: १. असल समाचार २ प्रतिज्ञा गर्नु ३. व्यवस्था, माग गर्नु ४. शुसमाचार, प्रतिज्ञा गर्नु

जोकोहीले पनि येशूमा विश्वास् गर्दछ त्यो स्वर्गमा हुनेछ । कुनैपनि या प्रत्येक जसले येशूले हाम्रो लागी गर्नुभएको कुरामा विश्वास गर्दछ त्यसले उद्वार पाउने छ । तिनीहरु जो येशूको सिद्व जीवनमा विश्वास गर्छन् र हाम्रो पापको निम्ति येशूको क्रुशमा निर्दोष मृत्युमा विश्वास् गर्दछन् तिनीहरुले उद्वार पाउनेछन् र स्वर्गमा जानेछन्, यो परमेश्वरको प्रतिज्ञा हो ।

"जसले पुत्रमाथि विश्वास गर्दछ, त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्ने छैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ ।" (यूहन्ना ३:३६)

विश्वास्को अर्थ के हो ? यसको अर्थ विश्वास् अथवा विश्वास् गर्नु हो । त्यो व्यक्ति जसले येशूमा विश्वास् राख्छ त्यो मुक्त गरिने छ । त्यही व्यक्ति जसले येशू ख्रीष्टमा भरोसा राख्छ त्यो स्वर्ग जानेछ । परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ कि जीवनको अनन्त तिनीहरुका लागी हो जो येशूमा विश्वास् गर्छन् । जसले उहाँ माथि भरोसा राख्छ र जो सँग उहाँको विश्वास् छ । तपाइँ पुरै भरोसा वा विश्वास् राख्नुहुन्छ भने त्यही नै प्रतिज्ञा हो ।

पेज नं. ४९ को उत्तर: ५. अनन्त ६. उपहार वा वरदान

तल दिईएका वाक्यमा ठीक वाक्यको अगाडी खालीठाउँमा ठिक को चिन्ह राखौं र गलत वाक्यको अगाडी बेठिक राखौं ।

............ ७) स्वर्ग तिनीहरुका लागी सित्तैको वरदान हो जसले येशूमात्र तिनीहरुको उद्घारकर्ता हो भनेर विश्वास गर्छन् ।

...............८) असल जीवनको बाटो देखाउन कोशिस गर्नेहरुका लागी स्वर्ग सित्तैको उपहार हो ।

...............९) यदि हामी थुप्रै कडा कोशिस गर्छौं भने हामी स्वर्ग आर्जन गर्न सक्छौं ।

...............१०) परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ, स्वर्ग तिनीहरुका लागी हो जो चाहीं येशूले अगाडी नै हाम्रो पापको लागी दण्ड तिरीदिनुभएको छ भन्ने कुरामा विश्वास् गर्छन् ।

(तपाइँको उत्तर पेज नं. ५१ को तल जाँच्नुहोस् )

यस पूस्तकको शुरुमा सोधिएका तिनवटा महत्वपुर्ण प्रश्नहरु सम्झनुहोस् ? फेरी तिनीहरुलाई विचार गरौं । यस पटक तपाइँ तपाइँले जे सिक्नुभएको छ त्यसमा आधारित भएर उत्तर लेख्नुहोस् ।

प्रश्न १:
यदि तपाइँ आजराती मर्नुभयो भने, तपाइँ स्वर्ग जानुहुनेछ वा नर्क जानुहुनेछ ?

.............................................................................।

प्रश्न २:
के तपाइँ निश्चित हुनुहुन्छ तपाइँ मऱ्यो भने कहाँ जानु हुनेछ ?

.............................................................................।

प्रश्न ३:
मानौं की तपाइँ मर्नुभयो र तपाइँले आफुलाई स्वर्गको ढोका अगाडी पाउनुभयो । परमेश्वर त्यहाँ उभिनु भएको छ । र उहाँले तपाइँलाई सोध्नुहुन्छ, "मेरो स्वर्ग भित्र तिमीलाई म किन पस्न दिउँ ?"

.............................................................................
.............................................................................
.............................................................................।

हामीले जे अध्ययन गरेका छौं त्यससँग तपाइँका उत्तरहरु तुलना गर्नुहोस् ।

| |
|---|
| पेज नं. ५० को उत्तर: ७. ठिक ८. बेठिक ९. बेठिक १०. ठिक |

प्रश्न १:
यदि तपाइँ आज राती मर्नुभयो भने तपाइँ स्वर्ग जानु हुनेछ वा नर्क जानुहुनेछ ?

- एउटा इसाईले भन्नसक्छ, “मलाई थाह छ कि म स्वर्ग जानेछु ।”

प्रश्न २:
जब तपाइँ मर्नुहुन्छ तपाइँ त्यहाँ जाने कुरामा निश्चित हुनुहुन्छ ?

हो, एउटा इसाई निश्चित हुनसक्छ । किन ? यसको उत्तर तेश्रो प्रश्नले हामीलाई बताउँदछ ।

प्रश्न ३:
मानौं कि तपाइँ मर्नुभयो र तपाइँले आफुलाई स्वर्गको ढोका अगाडी पाउनुभयो । परमेश्वर त्यहाँ उभिनुभएको छ र उहाँ तपाइँलाई बताउनुहुन्छ, “किन म तलाई मेरो स्वर्ग भित्र पस्न दिउँ ? तपाइ उहाँलाई के भन्नुहुनेछ ?

एउटा इसाईले परमेश्वरसँग यस्तो भन्नसक्छ । “परमेश्वर जान्नुहुन्छ कि मैले स्वर्ग पाउँदैन । मेरा पापहरुले मलाई स्वर्ग आर्जन गर्न नसक्ने बनाएको छ । म दोषी छु र म नर्कमा मृत्यु मात्र आर्जन गर्दछु तर तपाइँको पुत्र येशू मेरो लागी मर्नुभयो मेरो बदलामा येशूले सिद्ध जीवन जीउनुभयो र मेरो बदलामा मर्नुभयो । यसो गरेर उहाँले मेरो पापको लागी तपाइँले माग

गर्नुभएको दण्ड उहाँले तिर्नुभयो । मेरो बदलामा उहाँले यी सबै कुरा गरेको कारणले म जान्दछु कि तपाइँ मलाई स्वर्ग भित्र जान दिनुहुनेछ ।

यो असल समाचार अथवा शुसमाचार बाइबलले हामीलाई दिन्छ । यो परमेश्वरको प्रतिज्ञाको महानताका हो । उहाँ प्रतिज्ञा गर्नुहुन्छ कि येशूले जे गर्नुभयो, त्यो कारणले हामी स्वर्ग सित्तैको उपहारको रुपमा पाउन सक्छौं र बाइबलले भन्दछ, हामी यसमा पुरै निश्चित हुन सक्छौं ।

# अध्याय पाँचको समालोचना

यस पूस्तकको भर्खरैको अध्यायमा हामीले परमेश्वरको व्यवस्थाको अध्ययन गर्‍यौं । व्यवस्था ती सबै कुराहरु हुन् जुन कुरा चाहीं परमेश्वर हामीबाट माग गर्नुहुन्छ वा चाहनुहुन्छ । हामी पापीहरुको लागी व्यवस्था खराब समाचार हो किनकी परमेश्वर जे माग गर्नुहुन्छ वा चाहनुहुन्छ हामी गर्न सक्दैनौं ।
बाइबलले परमेश्वरले हामीसँग गरेका धेरै प्रतिज्ञाहरुको बारेमा पनि भन्दछ, विशेषतया उहाँको प्रतिज्ञाले हाम्रो पापको समस्याको सहायता गर्दछ । त्यही असल समाचारको सन्देशलाई शुसमाचार भनिन्छ ।

मानव निर्मित औषधिले हाम्रा पापहरु हटाउन सक्दैन अथवा हाम्रो लागी स्वर्ग कमाउन सक्दैन । तर परमेश्वर अझै हामीसँग अनन्त जीवन भएको चाहनुहुन्छ । शुसमाचारले हामीलाई भन्दछ, कि परमेश्वर हामीलाई अनन्त जीवन सित्तैको उपहारको रुपमा अर्पण गर्नहुन्छ । यो एउटा सित्तैको उपहार हुनसक्छ किनकी परमेश्वरले उहाँको पुत्र येशू खीष्टलाई हाम्रा पापहरु हटाउनलाई पठाउनुभयो । त्यसले परमेश्वर हामीलाई कति धेरै माया गर्नुहुन्छ भन्नेकुरा देखाउँछ । अब हाम्रा पापहरु हटेदेखि र सित्तैको उपहार अनन्त जीवन हामीलाई अर्पण गरेदेखि हामी स्वर्गमा जानेछौं भन्नेकुरामा निश्चित हुन सक्छौं । त्यो चाहीं साँचो असल समाचार हो ।

# अध्याय पाँचको जाँच

१) बाइबलमा पापीहरुको लागी खराब समाचार त्यो हो कि परमेश्वर हामीले पवित्र जीवन जीउन ............. गर्नुहुन्छ, त्यो सन्देशलाई परमेश्वरको ............. भनिन्छ ।

२) बाइबलमा असल समाचारलाई हामी परमेश्वरको ............... भन्दछौं । यो सन्देश परमेश्वरले हामीसँग ..............गरिएको बारेमा हो ।

३) परमेश्वरले सबैको लागी ........... जीवनको प्रतिज्ञा गर्नुभएको छ जसले येशूमा ............ गर्दछ ।

४) स्वर्ग परमेश्वरद्वारा हामीलाई दिईएको सित्तैको ............ हो ।


५) स्वर्ग त्यस्तो केही चिज होईन जसलाई हामी ............ गरेर कमाउन सक्छौं ।

६) जब एउटा इसाई मर्दछ उ वा उनी स्वर्गमा जानलाई ........... हुन सक्छ ।

७) एउटा ईसाई उसको पापको कारणले ....... आर्जन गर्दछ ।

८) जुन कुरा .......... ले हाम्रो सट्टामा गर्नुभयो त्यही कारणले इसाईहरु .......... जान निश्चित हुन सक्छन् ।

( तपाइँको उत्तर पेज नं. ६६ मा जाँच्नुहोस् )



अध्याय छ

# परमेश्वरको आषिश जसले ख्रिष्टमा बिश्वासमा डोरयाउँछ ।

तपाइँ यस्तो भन्न सक्नु हुन्छ होला । “येशू र स्वर्गको बारेमा यी सबैकुरा महत्वपूर्ण छन् । जुन दिन जब म मर्छु, म स्वर्गमा जान चाहन्छु । तर अहिलेको बारेमा चाहीँ के छ ? म मर्नु भन्दा अगाडी योलामो समय सम्म हुनेछ । अहिले मलाई सहायता गर्न येशू के गर्न सक्नुहुन्छ ?”

यस अध्यायको अन्तबाट तपाइँ सक्षम हुनुहुनेछ:

- संसारमा हाम्रा धेरै आशिषहरु जान्न र

- ती आशिषहरुले कसरी हाम्रो जीवन जीवाईलाई असल बनाउन सक्छ भन्न ।

साँचो यो हो की, येशू हामीलाई स्वर्ग पाउनलाई सहयोग गर्ने उपाय मात्र हुनुहुन्न । येशूमा गरेको विश्वास्ले हामीलाई सबै प्रकारका आशिषहरु अहिलेको जस्तै दिनुहुन्छ । केही असल कुरा हेरौं, असल कुरा तिनीहरुमा आउँछ जो ख्रीष्टमा विश्वास् गर्दछन् र ख्रीष्टलाई पछ्याउँछन् ।

“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँ माथि विश्वास् गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।” ( यूहन्ना ३:१६)

एउटा आशिष चाहीं परमेश्वर तपाइँलाई प्रेम गर्नुहुन्छ भन्नेकुराले जानिन्छ । यद्यपि तपाइँलाई अरु कसैले प्रेम गर्दैन तर परमेश्वर प्रेम गर्नुहुन्छ । उहाँले तपाइँको लागी आफ्नो पुत्र दिनुभयो । उहाँको पुत्रले आफ्नो जीवन तपाइँको लागी दिनुभयो । परमेश्वर तपाइँलाई अनमोल प्रेम गर्नुहुन्छ । वास्तवमा उहाँ तपाइँलाई यति धेरै प्रेम गर्नुहुन्छ कि उहाँ तपाइँलाई अनन्त जीवनको प्रतिज्ञा गर्नुहुन्छ ।

विचार गर्नुहोस् कि तपाइँसँग अनन्त जीवन छ भन्ने वचनहरु बाइबलबाट भनिएका होईनन् विश्वास्द्वारा येशूमा जे उहाँले तपाईंको लागी अगाडी नै गर्नुभएको छ त्यसमा विश्वास्द्वारा तपाइँसँग अब अनन्त जीवन छ ।

यो चाहीँ होटलमा तपाइँको लागी कोठा आरक्षण अथवा बचाईराखे जस्तै हो । तपाइँसँग कोठा छ । यो चाहीँ तपाइँको लागी आरक्षीत भएको छ । तपाइँ अझै त्यहाँ हुनुहुन्न । त्यसै गरी हामीसँग स्वर्ग छ । स्वर्गको ठाउँ तपाइँको लागी आरक्षण गरिएको वा बचाईएको छ । तपाइँ अझै त्यहाँ पुग्नुभएको छैन ।

१) एउटा महान आशिष विश्वासी भएर जानिन्छ कि परमेश्वर तपाइँलाई सधैं .......... गर्नुहुन्छ ।

२) परमेश्वरको प्रेमले तपाइँलाई निश्चिय हुन मंजुरी दिन्छ कि तपाइँको लागी अगाडी नै आरक्षित भएको ठाउँ ............ हो ।

(तपाइँको उत्तर पेज नं. ५७ को तल जाँच्नुहोस्)

खराब जीवनले कसरी पाउँछ भन्नेकुराको कुनै प्रशंग छैन । तपाइँलाई प्रेम गरिएको छ भन्नेकुरा तपाइँ जान्नुहुन्छ । तपाइँसँग स्वर्ग छ भन्नेकुरा तपाइँ जान्नुहुन्छ, ती चाहीँ परमेश्वरका प्रतिज्ञा हुन् । ती आशिषलाई हामी विचार गर्न सक्छौं । तिनीहरुले हामीलाई जीउनका लागी आश्रय अनि अधिकार दिन्छ । “तर उहाँ ज्योतीमा भए झैं यदि हामी पनि ज्योतीमा हिडछौं भने एक अर्का सित

हाम्रो सङ्गति हुन्छ र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।" (१ यूहन्ना १:७)

के तपाइँ विचार गर्नुहुन्छ कि हामीले गर्ने सानो पापहरु मात्र येशू क्षमागर्नु हुन्छ ? के तपाइँ विचार गर्नुहुन्छ कि उहाँ चोरी गर्ने सानो कुराहरु क्षमा गर्न सक्नुहुन्छ तर ठुलो पाप चाहीँ होईन ?

के परमेश्वर हत्या, बलात्कार, बच्चालाई गाली गर्ने कुरा अथवा सैन्य डकैती गर्ने कुराहरु क्षमागर्न सक्नुहुन्छ ? यसको उत्तर हो, गर्न सक्नु हुन्छ । प्रत्येक पापबाट हामीलाई शुद्ध पार्न येशूले क्रुशमा रगत बहाउनुभयो । सानो पापको लागी मात्र होईन तर ठुलो पापको लागी पनि ।ती सबै खराब पाप लगायत धेरै ठुला पापहरुलाई येशूको रगतले शुद्ध पार्दछ । ती वचन सम्झनुहोस्, "उहाँको पुत्र येशूकोरगतले हामीलाई सबै पापबाट शुद्ध पार्दछ ।"

अब यसको अर्थ के हुन्छ ? यसको अर्थ चाहीँ तपाइँका सबै दोषहरु हटाईएका छन् । तपाइँले गरेको केही कुराको लागी तपाइँलाई कहिल्यै क्षमा दिन सकिन्न भन्नेकुरा महशुस नगर्नुहोस् । तपाइँसँग तपाइँको जीवनमा त्यस प्रकारको दोषसँग जीवन जीउनु पर्दैन । अब तपाइँलाई क्षमा दिईएको छ । तपाइँले जे गरेको भएता पनि अब तपाइँ क्षमाको आनन्द र शान्ति मनाउन सक्नुहुन्छ ।

३) बाइबलले हामीलाई निश्चिय गर्दछ कि येशूको रगतले हाम्रा ............ पापबाट हामीलाई शुद्व पार्दछ ।

४) हामी क्षमा गरिएका छौं भन्नेकुरा जान्न हामी सँग सधैं हाम्रो हृदयमा ............. छ ।

(तपाइँको उत्तर पेज नं. ७९ को तल जाँच्नुहोस्)

बाइबलले भन्दछ, परमेश्वरको अर्को प्रतिज्ञा ती वचन सँग छ, "हामी जान्दछौं उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाईएकाहरुका निमित्त हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ ।" (रोमी ८:२८)

हामी जान्दछौं कि ख्रीष्टमा विश्वास्द्वारा परमेश्वर तपाइँको असल सेवाको लागी सबै कुराहरु बनाउनु हुनेछ । परमेश्वर भनेको परमेश्वरको महान प्रेम हो । तपाइँको समस्याको हेरचाह गर्न परमेश्वरले उहाँको पुत्र पठाउनुभयो, त्यो ठुलो समस्या चाहीँ पापको समस्या र तपाइँले पाउने नर्कको सजाय हो । तपाइँ ढुक्क हुन सक्नुहुन्छ, तपाइँको असल र फाईदाको लागी पनि उहाँ अरु समस्याको पनि समाधान गर्नुहुनेछ ।

उदाहरणको लागी, एउटा असल कुराको अनुभवको लागी परमेश्वर खराब दिन बनाउन सक्नुहुन्छ । यदि तपाइँको खराब दिन नभएको भए हुनसक्छ तपाइँ अहिले परमेश्वरको वचन अध्ययन गर्नु हुँदैनथ्यो होला ।

पेज नं. ५६ को उत्तरहरु:१. प्रेम २. स्वर्ग

जीवनमा के हुन्छ भन्नेकुराको कुनै विषय छैन । तपाइँ निश्चिय हुन सक्नुहुन्छ कि तपाइँको असलको लागी परमेश्वर यसलाई असल बनाउनु हुनेछ । उहाँ सर्वशक्तिमान हुनुहुन्छ र प्रेम गर्नुहुन्छ । क्रुशमा येशूको निर्दोश मृत्यु आएको त्यो असल कुरालाई हेर ।

५) परमेश्वर हाम्रो असलको लागी ........... बनाउने पनि प्रतिज्ञा गर्नुहुन्छ ।

६) यद्यपि परमेश्वरको मानिसको लागी खराब कुरा ............... हुन सक्छ ।

(तपाइँको उत्तर पेज नं. ६० को तल जाँच्नुहोस्)

अझै बाइबलको अर्को प्रतिज्ञाले भन्दछ, "तपाइँको वचन मेरा गोडाका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो ।" (भजनसंग्रह ११९:१०५)

अँध्यारो रातमा यसले हामीलाई यस उज्यालोले बाटो देखाउन सहायता गर्दछ । बाइबलमा परमेश्वरको वचन संसारमा हाम्रो जीवनको लागी उज्यालो हो । यो सहयोगी हो । यसले भन्दछ कि कसरी उत्तम तरिकाले जीउन पर्दछ । हामीले के गर्नु पर्छ र के गर्नुपर्दैन भन्नेकुरा यसले देखाउँछ । यदि हामी पढ्छौं भने यसलाई विश्वास् गर्नुपर्छ र पछ्याउनु पर्छ । यसले हामीलाई यस जीवन र आउने जीवनको लागी सहयोग गर्नेछ । संसारमा असल जीवनको लागी हाम्रो

बाटोलाई यसले उज्यालो दिन्छ । यसले स्वर्गमा अनन्त जीवनको बाटोमा पनि उज्यालो देखाउँछ ।


“संकटको दिनमा मलाई पुकार र म तलाई छुटाउनेछु, र तैले मेरो महिमा गर्नेछस् ।” (भजनसंग्रह ५०:१५)

तपाइँ दु:खमा हुनुहुन्छ ? परमेश्वरलाई प्रार्थना गर्नुहोस् । परमेश्वरले तपाइँको प्रार्थना सुन्ने र तपाइँका सबै प्रार्थनाको जवाफ दिने प्रतिज्ञा गनुहुन्छ । तपाइँ सम्फनुहोस् कि उहाँको जवाफ तपाइँले सुन्न चाहने जवाफ हुन सक्दैन ।

तर उहाँ तपाइँको लागी उत्तम हुने कुरामा मात्र जवाफ दिनुहुन्छ । कहिलेकाहीँ तपाइँको प्रार्थनाको जवाफ “हाईन” अथवा “अहिले होईन” अथवा “पछि” यस प्रकारले दिनुहुन्छ ।

तपाइँको समस्या के हो भन्ने कुराको केही प्रशंग छैन, परमेश्वर तपाइँको प्रार्थना सुन्ने र यसको जवाफ दिने प्रतिज्ञा गर्नुहुन्छ । र तपाइँ कष्टमा भएको बेला उहाँ सहायता गर्नुहुन्छ र तपाइँको वास्ता गर्नुहुन्छ ।

Answers for page 77 3. All; 4. Peace (joy).



Daniel prays to God.

७) जब हामी .......... ........... को ज्योती प्रयोग गर्छौं अनि कसरी हाम्रो समस्याको वास्ता गर्नुहुन्छ भन्नेकुरा देखाउँछ ।

८) जब हामी ......... गर्दछौं, परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ दिने प्रतिज्ञा गर्नुहुन्छ ।

(तपाइँको उत्तर पेज नं. ६१ को तल जाँच्नुहोस्)

“तर पवित्र आत्माको फल चाहीँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, नम्रता संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन ।” (गलाती ५:२२..२३)

के तपाइँ जान्न चाहनुहुन्छ साँचो प्रेम के हो ? के तपाइँ आफ्नो जीवनमा बढी आनन्द र शान्ति चाहनुहुन्छ ? के तपाइँ बढी धैर्य, दयालु, र असल हुन चाहनुहुन्छ ?
के तपाइँलाई बढी विश्वास योग्य र भद्र हुन आवश्यक छ ? के तपाइँलाई बढी आत्म नियन्त्रण हुन आवश्यक छ ? ती सबै आशिष हुन् ती सबै आशिषसँग तपाइँको विश्वास् येशूमा आउँछ । दृढ विश्वासको लागी प्रार्थना गर्नुहोस् र परमेश्वरको वचन पढ्नुहोस्, त्यसकारण तपाइँ आफ्नो विश्वास्लाई बलियो बनाउन सक्नुहुन्छ ।

Answers for page 78: 5. All things (or everything); 6. Good.

ती केही मध्ये धेरै आशिषहरु तपाइँको लागी पर्खिरहेका छन् । तपाइँले बाइबलमा बढी पढेको र अध्ययन गरेको जस्तै तपाइँ ती आशिषहरु बढी पाउनु हुनेछ । अनि तपाइँ तपाइँ को जीवनमा फुर्तिलो देखिनुहुनेछ ।

९) प्रत्येक इसाईको जीवनमा येशूमा विश्वासले धेरै फरक ........... पैदा गर्छ ।

(तपाइँको उत्तर पेज नं. ६१ को तल जाँच्नुहोस्)

के तपाइँले कहिल्यै बिउ बिजन रोप्नु भएको छ ? बिउ उम्रिन्छ, बढ्छ र एउटा सुन्दर बिरुवा हुन्छ । यसलाई घाम र पानीको आवश्यकता पर्दछ । एउटा बिरुवा घाम र पानी बिना मर्दछ । यदि हामीले यसलाई खुवाएनौं भने हाम्रो विश्वास मर्नेछ । हाम्रो विश्वास जीवित राख्न हामी कसरी खुवाउछौं ? हाम्रो विश्वासलाई झन झन बलियो बनाउन हामी गर्छौं ? परमेश्वर भन्नुहुन्छ, “जे सुनिएको छ त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।” (रोमी १०:१७)

“येशूले आफुमाथि विश्वास गर्ने यहूदिहरुलाई भन्नुभयो, तिमीहरु मेरो वचनमा रहयौ भने तिमीहरु साँच्चै मेरा चेला हौ । तब तिमीहरुले साँच्चै के हो सो जान्नेछौ र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ ।” (यूहन्ना ८:३१..३२)

विश्वासलाई जीवित राख्न, परमेश्वरको सन्देश सुन्न र पढ्न जारी राख्नुहोस् र उहाँको शिक्षालाई समाति राख्नुहोस् । परमेश्वरको वचनले तपाइँको विश्वासलाई जिउँदो र बलियो राख्दछ । त्यसकारण परमेश्वरको वचन सुन्न र पढ्न अति महत्वपुर्ण छ । त्यसैले ती बाइबल अध्ययन सहयोगी लेखिएका हुन् । हामी साँचो परमेश्वरको बारेमा र बाइबलको मुख्य सन्देशको बारेमा तपाइँले जानेको चाहन्छौं र तपाइँ स्वर्गमा भएको हामी चाहन्छौं । त्यसकारण परमेश्वरको वचन पढ्नुहोस् । तपाइँ सकेजति बाइबलल पढ्नुहोस । बाइबलल अध्ययन सहयोगी लगातार प्रयोग गर्नुहोस् । परमेश्वरको वचनले तपाइँको विश्वासलाई येशू ख्रीष्टमा जीवित राख्ने छ र विश्वास बढ्नेछ ।

पेज नं. ५८ को उत्तरहरु: ५. सबैथोक ६. असल

१०) हाम्रो विश्वास जीवित राख्न हामीले परमेश्वरको वचन .................. पर्छ ।

११) परमेश्वरको वचनको अर्को नाम चाहीँ ........... हो ।

(तपाइँको उत्तर पेज नं. ८५ को तल जाँच्नुहोस्)

# अध्याय छ को समालोचना

बाइबलको मुख्य सन्देश भनेको येशू ख्रीष्ट पापको लागी मात्र औषधि हुनुहुन्छ भन्ने हो । जब तपाइँ सिक्नुहुन्छ र यसमा विश्वास गर्नुहुन्छ अरु धेरै आशिषहरु तपाइँकहाँ आउँछन् । तपाइँ परमेश्वरको प्रेम देख्न थाल्नुहुन्छ र तपाइँको जीवनमा त्यो प्रेम बचाउनुहुन्छ । बाइबलको सन्देशले तपाइँकहाँ शान्ति ल्याउँछ । त्यो शान्तिले परमेश्वर तपाइँको सबै पापहरु क्षमा गनुहुन्छ भन्नेकुरा जानिन्छ । ठुलो पाप र सानो पाप परमेश्वर क्षमा गर्नुहुन्छ । तपाइँको असलको लागी परमेश्वर खराब काम कुरा बनाउनु हुनेछ भन्नेकुरा तपाइँ जीवनमा जान्न सक्नुहुन्छ । कष्टको बेला तपाइँ परमेश्वरसँग प्रार्थना गर्न सक्नुहुन्छ र परमेश्वर तपाइँको प्रार्थना सुन्नुहुनेछ भन्नेकुरा तपाइँ जान्नुहुन्छ । तपाइँ बाइबलल परमेश्वरको वचन पढ्नसक्नुहुन्छ र सुन्नसक्नु हुन्छ । यसले येशूमा तपाइँको विश्वासलाई झन झन बलियो बनाउँछ । येशू ख्रीष्टमा विश्वासद्वारा आएका ती सबै आशिष हुन् ।

पेज नं. ५९ र ६० का उत्तरहरु: ७. परमेश्वरको बचन ( बाइबल) ८. प्रार्थना ९. आषिशहरु

# अध्याय छ को जाँच

येशूमा विश्वासबाट आएका परमेश्वरका आशिष तल दिएका वाक्यमा वर्णन गर्नुहोस् । तल दिईएका शब्दहरु खाली ठाउँमा भर्नुहोस् र पूरा गर्नुहोस् ।

| | |
|---|---|
| प्रार्थना | क्षमादिईएका |
| असल | |
| स्वर्ग | सहयोगी |
| प्रेम गर्दै | |
| परमेश्वरको | वचन |
| आशिष | सहनशिल |
| विश्वास् | |

१) परमेश्वरको वचन मेरो जीवनमा मलाई .......... हुनेछ ।

२) परमेश्वर सुन्नुहुन्छ र मेरो ....... को जवाफ दिनुहुन्छ ।

३) येशूमा विश्वासी जस्तै मसँग ....... को पूर्ण आशा छ ।

४) मेरा प्रत्येक पापहरु .............. छन् ।

Answers for page 83: 10. Hear (read); 11. Bible.

५) मेरो ......... को लागी परमेश्वर प्रत्येक काम बनाउनुहुन्छ ।

६) परमेश्वर मलाई ......... गर्न र ............. हुन् ।

७) विश्वास सँग धेरै बढी .............. आउँदछन् ।

८) जब म ........ को ......... सुन्दछु, मेरो विश्वास जिउँदो राख्ने छ ।

९) मैले बाइबलल पढे जस्तै येशूमा मेरो ....... झन झन बलियो भएर बढ्ने छ ।

(तपाइँको उत्तर पेज नं. ९१ मा जाँच्नुहोस्)

# शब्दकोष

| | |
|---|---|
| व्यभिचार: | विवाहित स्त्री, पुरुष भन्दा बाहिर अरु कुनै व्यक्तिसँग शारीरिक सम्पर्क राख्नु |
| ग्रहणगर्नु: | आफैमाथि लिनु |
| बेलुन: | हावा भरिएको सानो रबरको थेली जस्तै |
| कृपा: | असल |
| आशिष: | परमेश्वरले मानिसको लागी गर्ने असल कुरा |
| सानो कोठा: | कैदी बस्ने जेलको सानो कोठा |
| ठीक: | ठीक साँचो, गल्ति बिनाको |
| मागहरु: | जे हामी गर्नको लागी माग्दछौं |
| आर्जन गर्नु: | मुल्यमान हुनु, सुहाउनु |
| निरुत्साह: | कसैलाई केही गर्नमा उत्साह नदिनु |
| भुकुम्प: | जमिन काम्नु |
| अनन्त: | सदा सर्वदाको, अन्त नभएको |
| अपवित्र: | धेरै फोहरी, सफा नभएको |
| स्नातक: | स्कुलको अध्ययन पुरा गरेर प्रमाणपत्र पाएको |

दोषः नियम तोडेकोमा दोष लगाउनु

पहिलेकोः अहिलेको भन्दा अगाडीको

पवित्रः परमेश्वरको दृष्टिमा सिद्ध

संक्रमणः रोगको कारणले प्रभावित पार्नु

न्यायकर्ताः यो ठिक र यो गलत भन्ने व्यक्ति

न्यायगर्नुः अदालतको नियमद्वारा निर्णय दिनु

न्यायः कसैसँग स्वच्छ व्यवहार गर्नु

सम्भोग इच्छाः अपवित्र इच्छा गर्नु

गणितः अंक गणितको अर्को नाम, अथवा जोड, घटाउ, गुणन, भाग

प्रचारकः त्यो मानिस जसले एक ठाउँबाट अर्कोठाउँमा गएर येशूको बारेमा मानिसलाईबताउनु

उत्कृष्टः धेरै राम्रो र सम्मानजनक

अनुच्छेदः छोटो वाक्य

तिर्नुः काम गरेकोमा पैंसा, सामान प्राप्त गर्नु

सिद्धः केही दोष नभएको पुरै सिद्ध

सताउनुः केही कारणले कसैलाई दुःख दिनु

विशेषाधिकारः केही गर्नलाई अनुमतीदिनु वा अधिकार दिनु

| | |
|---|---|
| वेश्या: | पैंसाको लागी यौन व्यवसाय गर्ने स्त्री |
| शुद्ध: | सफा |
| औषधि: | रोग तथा विरामीलाई निको गर्ने औषधि |
| उद्धार: | बचाउनु, उद्धार गर्नु |
| पाप: | परमेश्वरको नजरमा पाप गर्नु |
| समाधान: | समस्याको समाधान पत्तालगाउनु |
| प्रतिस्थापन: | त्यो व्यक्ति जसले तपाइँको ठाउँ लिन्छ |
| जोड्नु,छुट्याउनु: | ठाउँ बदल्नु |
| गवाही: | जसले के सुन्यो र के देख्यो भन्नेकुराकोसाक्षी हुनु |
| ज्याला: | कसैले जे कमाउँछ |

# अध्यायका जाँचको उत्तरहरु

**अध्याय एक**

१. सिद्व (पवित्र) २. व्यवस्था ३. सिद्व (पवित्र) ४. पाप ५. १००% पवित्रता, ०% पाप, १००% पवित्र जीवन

**अध्याय दुई**

१. पापी २. सिद्व (पवित्र) ३. मृत्यु (नर्क) ४. गर्न, गर्नु ५. गर्न, गर्नु ६. सोचाइँहरु ७. एक, नर्क ८. धेरै

**अध्याय तीन**

१. औषधि २. कोशिस गर्नु ३. सिद्व (पवित्र) ४. असल, खराब ५. मृत्यु, (नर्क) ६. पाप (दुष्ट) ७. परमेश्वर, मानिस (पापी) ८. पाप ९. मृत्यु, (नर्क)

**अध्याय चार**

१. सिद्व (पवित्र) २. पाप ३. क्रुश ४. स्वर्ग ५. मात्र (एक) ६. निर्दोष ७. मलाई (प्रत्येक) ८. येशू आउनु भन्दा अगाडी: १००% पाप, +०% पवित्रता, = १००% मृत्यु, येशू आउनुभए पछि: ०% पाप, +१००% पवित्रता, = १००% जीवन

**अध्याय पाँच**

१. माग, व्यवस्था २. शुसमाचार, प्रतिज्ञा गर्नु ३. अनन्त, विश्वास गर्नु ४. वरदान ५. कार्य गर्नु (काम) ६. निश्चिय ७. मृत्यु (नर्क) ८. येशू, स्वर्ग

**अध्याय छ**

१. सहयोगी २. प्रार्थना ३. स्वर्ग ४. क्षमागरिएका ५. असल ६. प्रेम गर्ने, धैर्यवान ७. आशिष ८. परमेश्वरको वचन ९. विश्वास

# अन्तिम जाँच

बाइबल अध्ययन पूरागर्नु भएकोमा तपाइँलाई बधाई छ ! अध्याय जाँचमा तपाइँले कुनै गल्ति गर्नुभएको छ भने त्यसलाई पुर्नविचार गर्नुहोस्, अध्यायको शुरुमा एउटा ताराले संकेत गरेका लक्ष्यहरु पनि हेर्नुहोस । जब तपाइँ लक्ष्यहरु जान्न निश्चित हुनुहुन्छ अनि तपाइँ अन्तिम जाँच लिन तयार हुनुहुन्छ ।

पूस्तक नहेरेर अन्तिम जाँच पूरा गर्नुहोस् । जब तपाइँ यसलाई पूरा गर्नुहुन्छ या त तपाइँलाई यो पूस्तक दिने व्यक्तिलाई दिनुहोस् अथवा यो पूस्तकको पछाडी भएको ठेगानामा पठाउनुहोस् । तपाइँ यस श्रेणीका अरु पूस्तकहरु मगाएर पनि पढ्न सक्नुहुन्छ ।

परमेश्वरको महान विनिमय

# अन्तिम जाँच

१) बाइबलका मुख्य दुईवटा सन्देश .......... र ......... हुन् ।

२) परमेश्वरको व्यवस्थाले हामीलाई ............ जीवन जीउन माग गर्दछ ।

३) परमेश्वरको व्यवस्थाले देखाउँदछ कि हामी सबै ...... हौं ।

४) परमेश्वरको व्यवस्थाले देखाउँदछ कि हामी .......... को जीवनको बदलामा नर्कको ............ आर्जन गर्दछौं ।

५) परमेश्वरको व्यवस्थाले देखाउँदछ कि हामी जे ........... गर्दछौं, त्यस कारणले हामी स्वर्गमा हुन सक्दैनौं ।

६) चोरी गर्नु ......... हो किनकी यस्तो हामीले गरेको परमेश्वर चाहनु हुन्न ।

७) हाम्रा शत्रुहरुलाई प्रेम नगर्नु ........... हो किनकी परमेश्वर हामीले हाम्रा शत्रुलाई प्रेम गर्न माग गर्नु हुन्छ ।

८) घृणा गर्नु पनि ............ हो ।

९) प्रत्येक मानिसहरु ............ छन् ।

१०) पापको लागी सबै मानव निर्मित औषधिहरुले ........... तिर डोर्‍याउँछ ।

११) पापको अस्वस्थताको लागी ..........मात्र औषधि हुनुहुन्छ ।

१२) हाम्रो प्रतिस्थापनको रुपमा येशूले ........... जीवन हाम्रो साटोमा जीउनु भयो ।

१३) हाम्रो प्रतिस्थापनको रुपमा येशूले हाम्रा .......... आफै माथि बोक्नुभयो, र हामीले आर्जन गरेको ........ मा सताईनु भयो

१४) येशूले उहाँको पवित्रताले हाम्रा ....... विनिमय गर्नुभयो ।

१५) येशूले उहाँको जीवनले हाम्रा .......... विनिमय गर्नुभयो ।

१६) परमेश्वर येशूमा ........... द्वारा अनन्तको ............. प्रतिज्ञा गर्नुहुन्छ ।

१७) हामी जे .......... त्यसबाट स्वर्ग प्राप्त गर्न सक्दैनौं तर येशूमा ............. द्वारा मात्र प्राप्त गर्दछौं ।

**येशूमा विश्वास गर्नेले तल दिईएका कुराहरु भन्दछ:**

१८) अब म निश्चित हुन्छु कि परमेश्वर मलाई ......... गर्नुहुन्छ ।

१९) अब म निश्चित हुन्छु कि परमेश्वरले मैले गरेका .......... क्षमा गर्नुभएको छ ।

२०) अब म जान्दछु कि परमेश्वर मेरो ......... सुन्नुहुन्छ ।

२१) परमेश्वरको ............ ले मलाई यस जीवनमा सहयोग गर्नेछ र मेरो विश्वासलाई ........... बनाउने छ ।

२२) ख्रीष्टमा विश्वासद्वारा म ती सबै ........... प्राप्त गर्नेछु, र ती सबै ख्रीष्टमा विश्वासबाट आउँछ ।

२३) अन्तिम प्रश्नमा दुईवटा भाग छन् । पहिलो, अ ( एकमात्र शब्द) बाट एउटा रेखा खिच्नुहोस् र आ सँग जोडा मिलाउनुहोस् । अर्को, आ बाट एउटा मात्र संख्या घेरा लगाउनुहोस ती जो मानिसहरुले पापको लागी औषधि प्रयोग गर्छन ।

| अ | आ |
|---|---|
| क) भऱ्याङ | १) आफैलाई अरुसँग तुलना गर्नु |
| ख) तराजु | २) खराब भन्दा बढी असल गर्नु |
| ग) तुलना | ३) क्रुशमा येशूको मृत्यु |
| घ) क्रुश | ४) कडा कोशिस गर्नु |

तल निम्न कुराहरु लेख्नुहोस्

नामः ..........................................................

ठेगानाः .......................................................

..............................................................

..............................................................

यस पूस्तको बारेमा तपाइँको प्रतिक्रिया लेख्नुहोस् ।

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

Multi-Language Productions
Bringing the Word to the World

**God's Great Exchange-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 383422**